## पत्रकार महासंघको जनकपुर घोषणापत्र

जनकपुर। नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यसमितिको जनकपुरमा सम्पन्न तेस्रो पूर्ण बैठकले १८ बुँदे जनकपुरधाम घोषणापत्र २०७४ जारी गरेको छ। बैठकले लोकतन्त्र, मानव अधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता लगायतका मौलिक हकप्रति पूर्ण प्रतिबद्धता जाहेर गर्दै श्रमजीवि पत्रकारको हकहितको पक्षमा घोषणापत्र जारी गरेको हो। महासंघका अध्यक्ष गोविन्द आचार्य र महासचिव रमेश बिष्टले घोषणापत्र सार्वजनिक गरेका **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

## निजामती ट्रेड युनियन खारेज हुन सक्ने

काठमाडौं। मजदुरले पाएको ट्रेड युनियन अधिकार राज्यको ढिकुटीदेखि तलबभत्ता पेन्सनलगायतका सुविधा पाउने राष्ट्रसेवकको मान्यता पाएका निजामती कर्मचारीले उपयोग गरेर सिंगो कर्मचारीतन्त्रमा अराजकता फैलाएको प्रति सर्वत्र चिन्ता र चासो बढिरहेको छ।

कर्मचारीतन्त्रमा दलगत झन्डा उठाएर पार्टी विशेषको छत्रछायाँमा बस्ने कर्मचारी नेता र मातहतको कर्मचारीहरुले सरकारलाई नै ठाडो चुनौती प्रस्तुत गरेको उदाहरण अहिले सर्वव्यापक भएको छ। राज्य पुनर्संरचनाको **बाँकी ८ पेजमा**

वर्ष ६ अंक ४६, २०७४ साल फागुन २५ गते शुक्रबार, नेपाल संवत् ११३८ (March. 9, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# नेपालको राज्यक्षेत्र टिस्टा काँगडा कायम होला ?

नेपाल र भारतबीचको सम्बन्ध पुनरावलोकनका लागि गठन भएको 'प्रबुद्ध व्यक्ति समूह' सन् १९५० को शान्ति तथा मैत्री सन्धि परिवर्तित सन्दर्भमा परिमार्जन गर्ने निष्कर्षमा पुगेको समाचार बाहिर आएको छ। नेपालका तर्फबाट प्रबुद्ध व्यक्ति समूहको नेतृत्व गरिरहेका कूटनीतिज्ञ डा. भेषबहादुर थापाले सन्धिबारे छलफल गर्दै त्यसलाई पुनरावलोकन गर्न भगतसिंह कोसियारी नेतृत्वको भारतीय प्रबुद्ध व्यक्ति समूह तयार रहेको जानकारी दिएका छन्। सन् १९५० को असमान सन्धि पुनरावलोकन गरिनुपर्छ भनेर भारतीय नेतृत्वसमक्ष तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले आफ्नो भारत भ्रमण (२०५१ चैत २८) मा प्रस्ताव राखेका थिए। तर तत्कालीन भारतीय संस्थापन पक्षले नेपालको सो प्रस्तावको कुनै जवाफ दिएन। मनमोहनबाहेक नेपालका कुनै पनि प्रधानमन्त्रीले सो सन्धि पुनरावलोकनका लागि भारतसँग कुरा उठाउन सकेनन्। कारण हो, भारत रिसाए प्रधानमन्त्री पद गुम्छ भन्ने दास मानसिकता। जब भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी काठमाडौं भ्रमणमा आए सन्धि पुनरावलोकन गर्न प्रबुद्ध व्यक्ति समूह गठन गरेर नेपाल भारत सम्बन्धलाई थप मजबुत बनाउन निर्देशन दिए। अहिले दुवै देशका प्रबुद्ध व्यक्ति समूह पटक पटकको काठमाडौं-दिल्ली बैठकपछि सन् १९५० को सन्धिबारे होमवर्क गरेर निर्णायक




बिन्दु पहिल्याउने जमर्कोमा छन्।

नेपाल र भारतबीच १९५० जुलाई ३१ तारिखका दिन काठमाडौंमा हस्ताक्षर सम्पन्न भएको शान्ति तथा मैत्री सन्धिमा नेपालका तर्फबाट तात्कालीक प्रधानमन्त्री श्री ३ महाराज मोहनशमशेर र भारतका तर्फबाट नेपालका लागि तात्कालिक भारतीय राजदूत श्री चन्द्रेश्वरप्रसाद सिंहले हस्ताक्षर गरेका छन्। राणा प्रधानमन्त्री मोहनशमशेरले आफ्नो जहाँनिया सत्ता बचाउन भारतसमक्ष सन्धि गरी घुँडा टेकेका थिए। यो सन्धि कति शान्ति र मैत्री छ भन्ने सर्वसाधारण समेतले जानकारी राख्न आवश्यक छ। यस सन्धिमा १० दफा उल्लेख छन्। सन्धिका दफा १ मा 'नेपाल सरकार र भारत सरकारका बीच अटल शान्ति र मित्रता रहनेछ। दुवै सरकारले परस्परमा एकले अर्काको पूर्ण राज्यसत्ता, राज्य क्षेत्रको अक्षुण्णता र स्वाधीनता स्वीकार र आदर गर्न मन्जुर गर्छन्।' तर भारतले यस दफाको पालना कहिल्यै गरेको छैन। भारतले नेपालको कालापानी लिम्पियाधुरा, लिपुलेक र सुस्ता जस्ता विभिन्न क्षेत्रको भूमि अतिक्रमण गरी नेपालको राज्यक्षेत्रको अक्षुण्णताको धज्जी उडाएको छ। नेपाल भारतबीचका सीमास्तम्भ सार्ने, फाल्ने गरेर सीमा मिचिरहेको छ। झन्डै ८६ स्थानमा भारतले नेपाली भूमि अतिक्रमण गरेको सीमाविदहरुले बताएका छन्।

सन्धिको धारा २ मा कुनै राष्ट्रसँग ठूलो खलबल वा फाटो पर्न आई त्यसबाट दुई सरकारको बीचमा रहेको मैत्रीको सम्बन्धमा खलल पर्न जाने सम्भावना देखिएमा दुवै सरकारले परस्परमा सो कुराको समाचार दिने जिम्मेवारी कबुल गर्छन् तर यो धारालाई भारतले व्यवहारमा लागू गरेको पाइँदैन। सन् १९५६ मा भारत-पाकिस्तानबीच युद्ध भयो। तर त्यसको जानकारी भारतले नेपाललाई दिन चाहेन। न त सन्धिअनुसार नेपालले युद्धबारे जानकारी लिने धृष्टता गऱ्यो। सन् १९६२ नोभेम्बरमा भारत र चीनबीच घमासान सीमायुद्ध मच्चियो। तर भारतले यस युद्धबारे नेपाललाई जानकारी गराउन उपयुक्त ठानेन। न त नेपालले नै भारत चीन सीमायुद्धको विषय भारतसँग जान्न खोज्यो।

धारा ५ मा नेपाल सरकारलाई भारत राज्य क्षेत्रबाट अथवा सो राज्य क्षेत्रको बाटो गरी नेपालको सुरक्षाका लागि चाहिने हातहतियार, कलपुर्जा, गोलीगठ्ठा, खरखजाना, मालसामानको पैठारी गर्ने अधिकार छ, दुई सरकारले परस्परमा सल्लाह गरी यो बन्दोबस्तलाई चालू लगाउने कारबाहीको तय गर्नेछन् भनिएको छ। भारतको स्वीकृतिबिना नेपालले तेस्रो मुलुकबाट हातहतियार ल्याउन यस धाराले रोकेको छ। यस धाराको पावन्दीका बावजुद मरिचमान सिंहले चीनबाट र माओवादी युद्ध दबाउन शेरबहादुर देउवाले बेल्जियमबाट हतियार आयात गरेको उदाहरण छ। यो धाराको पालना नभएका कारण यसको उपादेयता छैन।

धारा ६ मा भारत र छिमेकी मैत्रीभावको प्रतीकस्वरुप दुवै सरकारले आफ्नो राज्यक्षेत्रमा आदर्श सरकारका रैतीलाई आफ्ना मुलुकको औद्योगिक र आर्थिक विकास र त्यस्तो विकाससम्बन्धी रियायत र ठेक्काहरु भाग लिनलाई राष्ट्रिय व्यवहार दिन कबुल गर्छ, उल्लेख छ। तर यसै धारासँग सम्बन्धित पत्राचारको दफा ४ मा औद्योगिक परियोजनाका लागि विदेशी सहयोग लिने निर्णय गरे भारत सरकार वा उसका नागरिकलाई पहिलो प्राथमिकता दिइनेछ भन्ने कुरा लादिएको छ। **बाँकी ८ पेजमा**

## किर्ते नागरिकता र बहुविवाह काण्डमा फस्यो एमाले

काठमाडौं। आफ्नै श्रीमान लक्ष्मीप्रसाद रेग्मीले सुटुक्क बहुविवाह गरेको र आफ्नै साख्य छोराले सौतेनी आमाको नामबाट नागरिकता लिएको विरुद्ध मीना रेग्मीले दायर गरेको मुद्दाको कारण पुरै काभ्रे जिल्लामा सनसनी फैलिएको छ। सनसनी फैलिनुको कारण किर्ते नागरिकता र बहुविवाह भनेको राज्य पक्ष हुने मुद्दा हो। तर राज्यको संयन्त्र नै यसको कारक तत्व भएको छ। अभियुक्त किर्ते नागरिकतामा सनाखत गर्ने नमोबुद्ध नगरपालिका वडा नं ५ कि मीना रेग्मीको ससुरो हरिप्रसाद रेग्मी र सौतनी आमा पूर्णकुमारी बन्जाराको नामबाट किर्ते नागरिकता लिने छोरा सौरभ रेग्मीलाई मीना रेग्मीको जाहेरीपश्चात प्रहरीले हिरासतमा राखेकोमा एमालेका वरिष्ठ नेताहरुको दवाबमा प्रहरीले ससुरो हरिप्रसाद रेग्मीलाई तारेखमा छोडेको थाहा हुन आएको छ।

कैदबाट तारेखमा छोड्नुको कारण प्रहरीले निज हरि ६० वर्ष नाघिसकेको र रक्तचाप बिरामी भएको अस्पतालले पुष्टि गरेको कारण देखाएको छ। तर कैदबाट छुटी घर पुगेपछि बिरामी भनिएका निज हरि रेग्मी खुवा घोट्ने आफ्नो परम्परागत व्यवसायमा निरन्तर लागिरहेको र राज्यको कानुन र प्रशासन दुवैलाई छक्याउन आफू सफल भएको र एमाले नेताको सहयोगमा मुद्दा पनि आफैले जित्ने धाकधक्कु लगाइरहेको स्थानीय जनता बताउँछन्। आमा मीना रेग्मीले मुद्दा दर्ता गरेपछि छोरा किर्ते नागरिकता लिने सौरभ रेग्मीले मेरी आमाले **बाँकी ८ पेजमा**

## असमानताविरुद्ध महिला संघर्ष




मार्च ८ अर्थात् अन्तर्राष्ट्रिय नारी दिवस। विश्वभर हिजो यो दिवस विश्व नारी समुदायले भव्यतासाथ मनाए। अन्तर्राष्ट्रिय रुपमा नारी दिवस मनाउन थालिएको एक शताब्दी नाघिसकेको छ। विश्वमा श्रमजीवी र पुँजीवादी दुई खेमामा महिला विभक्त छन्। दुवै खेमाका महिलाहरुले आआफ्नै ढंगले नारी दिवस मनाएका छन्।

अमेरिकाको सिकागो सहरका कपडा मिलमा काम गर्ने महिलाहरुले सन् १९०९ मा समान ज्यालाको माग गर्दै आन्दोलन गरे। यो आन्दोलनले पुरुषसरह समान ज्याला, कामको समयावधि लगायत शोषण र असमानताको अन्त्य गऱ्यो। जर्मन नागरिक समाजवादी महिला नेतृ क्लारा जेटकिनको नेतृत्वमा १९०७ मा प्रथम र १९१० मा दोस्रो समाजवादी महिलाको सम्मेलन सम्पन्न भयो। डेनमार्कको कोपनहेगन सम्मेलनमा १७ देशका १ सय महिलाको सहभागिता थियो। त्यही सम्मेलनमा जेटकिनले ८ मार्चलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका रुपमा मनाउने प्रस्ताव गरिन्। सो प्रस्तावलाई सम्मेलनले अनुमोदन गरेपछि ८ मार्चको महत्व संसारभर बढेर गयो। डेनमार्क, जर्मनी, स्वीटजरल्यान्ड, अष्ट्रिया आदि देशले १९११ देखि ८ मार्चलाई अन्तर्राष्ट्रिय नारी दिवसका रुपमा मनाउन सुरु गरे। अन्तर्राष्ट्रिय नारी दिवस मनाउन थालिएको १०९ वर्ष भइसकेको छ।

महिला र गरिबी, महिला र आर्थिक सशक्तिकरण, महिला विरुद्ध हिंसा महिलाको मानव अधिकार, शक्ति संरचनाका विभिन्न तहमा महिला सहभागिता, संस्थागत संरचनामा महिला सहभागिता, बालिका, महिला र वातावरण, महिला र स्वास्थ्य जस्ता महिलाको १९९५ को **बाँकी ८ पेजमा**

## सहुलियत ऋणमा भारतका शर्त

काठमाडौं। १२ वैशाख २०७२ को विनाशकारी भूकम्पपछि काठमाडौंमा भएको दाता सम्मेलनमा भारतले पुनर्निर्माणका लागि १ खर्ब दिने प्रतिबद्धता जनाएको थियो। त्यसमध्ये ७५ अर्ब रुपैयाँ आयात निर्यात अर्थात एक्जिम बैंकबाट लिन भारतले नेपाल सरकारलाई आग्रह गरेको छ। तर भारतले प्रक्रिया अगाडि बढाउनुपूर्व नेपालसमक्ष शर्तैशर्त राखेको छ।

भारतले आफूले नेपाललाई दिन लागेको सहुलियत ऋणले ठूला पुनर्निर्माण परियोजनामा खर्च गर्न प्रस्ताव गरेको छ। ऐतिहासिक महत्वका पुरातात्विक सम्पदाहरु पुनर्निर्माणमा लगाउन प्राधिकरणसमक्ष बारम्बार आग्रह गरेको छ। २० वर्षमा तिर्नुपर्ने गरी पाउन लागेको रकम पनि नेपालको आवश्यकताभन्दा भारतले इच्छाएको ठाउँमा खर्च **बाँकी ८ पेजमा**

## कास्मिरमा भारतको ताण्डव

काठमाडौं। भारतले स्वतन्त्र कस्मिरको मागलाई बन्दुकले दबाउँदै त्यहाँ निहत्था जनताको हत्या गरिरहेको छ। कस्मिरी जनताले जनमतसंग्रहद्वारा आत्मनिर्णयको अधिकारको माग गर्दा पनि भारतले त्यसलाई सुनेको छैन। संयुक्त राष्ट्रसंघले समेत कस्मिर विवाद जनमतसंग्रहद्वारा टुंगो लगाउन भारतलाई आग्रह गरेको धेरै वर्ष भइसकेको छ। छिमेकी मुलुक पाकिस्तानले संयुक्त राष्ट्रसंघको जनमतसंग्रह गर्ने कुराको स्वागत गरेको छ। कस्मिरी जनता स्वतन्त्रताको आन्दोलन गर्दै आइरहेका छन्। पछिल्ले समय भारत प्रशासित काश्मीरको सोपियामा चार जनाको मृत्यु भएपछि पुनः तनाव उत्पन्न भएको छ। दक्षिण काश्मीरको सोपियाको पहलु गाउँमा भएको विद्रोहीले आक्रमण गरेपछि जवाफी कारबाही गरेको र सो क्रममा एक जना आक्रमणकारी र अन्य तीन जना मारिएको सेनाको दावी छ। सेनाले आक्रमण भए पनि जवाफी कारबाही गरेको र त्यसमा एक चरमपन्थी मारिएको दावीसमेत गरेको छ। काश्मीरका पृथकतावादी नेताले भने हमलामा मारिएका तीन जना आमनागरिक भएको बताएका छन्। मारिएका तीन युवामा सुहैल खलिल, मोहम्मद शहिद खान र शाहनवाज अहमद रहेको बताइएको छ।

उनले काश्मीरी जनताले भारतीय सुरक्षाफौजको यो बर्बरताको निन्दा गर्दै काश्मीर बन्दको घोषणा गरेका छन्। सो क्षेत्रमा युवाहरूको मृत्युपछि झडप र विरोध प्रदर्शन सुरु भएको छ। झडप र विरोध प्रदर्शनका कारण तनावको अवस्था सिर्जना भएको छ। काश्मीर विश्वविद्यालयका विद्यार्थी सो घटनाको विरोधमा छन्।

## प्राचीन रोमको त्यो गणतन्त्र र अभिजातीय यो गणतन्त्र

■ राजेन्द्र शर्मा

ईशापूर्व छैठौं शताब्दीमा प्राचीन रोमका एत्रुरियाई वंशका अन्तिम राजा ज्यादै अत्याचारी क्रुर घमण्डी थिए। तिनको विरुद्धमा रोममा ठूलो विद्रोह भयो। त्यस विद्रोहबाट त्यहाँ राजतन्त्रको अन्त्य भयो र गणतन्त्रको स्थापना भयो। तर त्यो गणतन्त्र आधुनिक कालको जस्तो गणतन्त्र थिएन।

रोमका प्राचीनबासीहरुलाई 'पेट्रोसियन' भनिन्थ्यो। बाहिरबाट आएर बसेका मानिसलाई 'प्लेबियन' भनिन्थ्यो। ल्याटिन भाषामा यसको अर्थ 'प्लीब' अर्थात् सामान्यजन हो। पेट्रोसियन अर्थ चाहिँ ल्याटिन भाषामा पाटेर अर्थात पिता हो। पेट्रोसियनहरु रोमको संस्थापक आफैं भएको गर्व



गर्थे। त्यहाँको शासन पेट्रोसियनहरु र राजा मिलेर चलाउँथे। त्यसबेला अर्थतन्त्र कृषि र पशुपालनमा निर्भर थियो। समाज समुदायमा आधारित थियो। कृषियोग्य जमिन र चरन उनीहरुकै समुदायको अधिनमा थिए। प्रत्येक पेट्रोसियनको परिवारले समुदायको जमिनबाट भाग पाउँथे। जनावर चराउने चरन भने साझा हुन्थे।

सामान्य जनता भने अधिकांश गरिब थिए। राज्यमाथि उनीहरुको कुनै अधिकार थिएन। उनीहरुको प्रमुख काम जमिनदारहरुको खेतमा काम गर्नु र सेनामा भर्ती हुनु थियो। उनीहरुले समुदायको खेतबाट कुनै भाग पाउँदैनथे। उनीहरुले राज्यलाई निश्चित रुपले कर बुझाउनुपर्थ्यो। समयमा कुरा नबुझाउनेले दास हुनुपर्थ्यो। जब रोममा गणतन्त्रको स्थापना भयो, त्यहाँको शासन चलाउनका लागि पेट्रोसियनहरुबाटै दुई जना व्यक्तिलाई निर्वाचित गरिन्थ्यो। उनीहरुलाई 'कन्सुल' भनिन्थ्यो। उनीहरुलाई सल्लाह दिन सिनेटको निर्वाचन पनि हुन्थ्यो। त्यसमा ३०० जना सदस्य हुन्थे। उनीहरुको कार्यकाल एक वर्षको हुन्थ्यो। **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक**
**तेजेन्द्र प्रसाई**

**प्रबन्ध सम्पादक**
**कृष्णराज दुलाल**

**प्रबन्ध निर्देशक**
**किरण थापा**

**अतिथि सम्पादक**
**विष्णु भट्टराई**

**सम्पादन सहयोगी**
**घनश्याम ओली/गोविन्द विक**

**बजार व्यवस्थापन**
**रामशरण रिमाल/धर्मराज पौडेल**

**मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं**
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# युवाहरूलाई दुर्व्यसनबाट जोगाउने चिन्ता

लागू औषधको दुर्व्यसनमा फसेर हजारौं युवायुवतीले आफ्नो जीवन र घरपरिवार समेत बर्बाद पारिरहेका छन् । बाँसका तामाजस्ता हलक्क बढेका आफ्ना छोराछोरीहरू दुर्व्यसनीको चंगुलमा नफसुन् भनेर घरघरमा बाबुआमाहरूले चिन्ता प्रकट गरिरहेका हुन्छन् । एकपल्ट दुर्व्यसनमा फसेपछि निस्कन गाह्रो हुने लागूपदार्थले गम्भीर तथा भयावह रूपको सामाजिक समस्या निम्त्याइरहेको भए तापनि लागूपदार्थ ओसारपसार बेचबिखन तथा सेवनमा नियन्त्रण गर्न राज्यका सम्बन्धित निकायहरू असफल बनिरहेका छन् ।

काठमाडौं बुद्धनगरका सामान्य परिवारका सरोज शर्मा लागूपदार्थको कुलतमा फसेको पीडा उनका बाबुआमाले अहिले भोगिरहेका छन् । पहिला थाहा नभएको र दुई वर्षपछि मात्र छोराको बानी व्यवहारमा असामान्य परिवर्तन देखिएपछि काठमाडौंकै रिहयाब सेन्टरमा छोरालाई भर्ना गरेर मासिक २० हजार खर्च गर्नु परिरहेको सरोजका पिता सूर्यप्रसाद बताउँछन् । लागूऔषध नियन्त्रणका नाममा प्रहरी प्रशासनले ओसारपसार गर्ने सामान्य भरिया र समय समयमा केही दुर्व्यसनीहरूलाई नियन्त्रणमा लिए पनि लागूपदार्थका ठूला तस्कर गिरोहसम्म प्रहरी पुग्न असफल भएको र लागूऔषधको धन्धा मौलाइरहेको गुनासो सूर्यप्रसाद गर्छन् । आफ्नो छोरा जस्तै लाखौं छोराछोरी बर्बादीको बाटोमा गइरहेकाले यसतर्फ राज्यको पूर्ण रूपमा ध्यानाकर्षण हुनुपर्ने उनको सुझाव छ ।

लागूऔषधका दुर्व्यसनीहरूले खुला चौर, निर्माणाधीन घरहरू, भत्किएका घरका भग्नावशेष तथा अन्य एकान्त स्थलहरूलाई प्रयोग गर्ने अड्डा बनाउने गरेका छन् । आफ्ना घर वरिपरिका खाली ठाउँमा आएर दिउँसै गाँजा तान्ने र इन्जेक्सन हान्नेहरूले असजिलो अवस्था सिर्जना गरेको काँडाघारीका विष्णु केसी बताउँछन् । प्रहरीलाई खबर गर्दा पनि सेवनकर्ताका निसानामा पर्न सक्ने डरले युवायुवतीहरू दिनदहाडै कुलतमा फसेको रमिता हेर्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ । प्रशासनले छद्मभेषमा प्रहरी परिचालन गरी सेवनकर्ताका अखडाहरूमा छापा मारेको खण्डमा उनीहरूको माध्यमबाट बेचबिखन गर्ने गिरोहसम्म पुग्न सकिने केसीको धारणा रहेको छ ।

लागूऔषध दुर्व्यसनमा परेका व्यक्तिले पैसाको अभाव भएपछि चोरी, लुटपाट र जस्तोसुकै अपराधिक कार्यसमेत गर्न सक्छन् । लागूपदार्थको सेवन बढ्दै गएपछि युवायुवतीहरू असामाजिक एवं शारीरिक र मानसिक हिसाबले समेत दुर्बल बन्ने गरेका छन् । १३-१४ वर्षको उमेरदेखि ३० वर्षको उमेरसम्मका युवायुवतीहरू ठूलो संख्यामा लागूऔषधको कुलतमा फसेको डा. प्रवीण न्यौपानेको भनाइ छ । लागूऔषधको सेवन गर्नेहरूका लागि जस्तोसुकै अपराध पनि सामान्य लाग्छ । चुरोटमा मिसाएर गाँजा तान्नेदेखि सुरू भएको लागूऔषधको सेवन गर्नेहरू पछि गएर ब्राउन सुगर, अफिम, कोरेक्स, ह्यासिस जस्ता नशालु पदार्थ सेवन गर्ने र नसाबाट इन्जेक्सन हान्ने तहमा पुग्छन् ।

लागूपदार्थका दुर्व्यसनीहरू सहर बजारदेखि लिएर गाउँघरसम्म फैलिसकेका छन् । एकपल्ट चंगुलमा फसेपछि फर्किन नसक्ने गरी बर्बाद बनाउने लागूपदार्थले व्यक्तिको जीवनदेखि घरपरिवार, सामाजिक प्रतिष्ठा सबै समाप्त पार्ने हुनाले युवाहरूलाई यसबाट जोगाउन हरसम्भव प्रयासहरू गर्नुपर्छ । खुला सिमानाका कारण भारतबाट सहजै लागूपदार्थ भित्रिने र सहज ढंगले ओसारपसार हुने गरेकाले प्रहरी प्रशासन यसतर्फ चनाखो हुन आवश्यक छ । त्यसैगरी राज्यले कडाभन्दा कडा कानुन निर्माण गरी लागूपदार्थको ओसारपसार, बेचबिखनलाई पूरै निर्मूल पार्नेतर्फ सोच्न आवश्यक छ ।

## दृष्टिकोण

# दक्षिण एसियाली समृद्धिविना भारत विखण्डन असम्भव

**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**



नेपालको वाम गठवन्धन सरकार बनेलगत्तै पाकिस्तानी प्रधानमन्त्रीको नेपाल भ्रमण हुनुले राजनीतिक र कुटनीतिक चर्चा पाएको छ ।

दुईतिहाइ बहुमत पुऱ्याई नेपाली नागरिकता लिएका आप्रवासी भारतीयहरु र भारतले चाहेबमोजिम संविधान संसोधन गरी नेपालबाट पहिले तराई टुक्राउने अनि कालान्तरमा नेपाललाई सिक्किमझैं गरी भारतमा विलय गराउने भारतीय गुप्तचर संस्था रअको आदेशानुसार ओली सरकार मधेसी दलहरुलाई सरकारमा सामेल गर्न उद्दत रहेको चर्चा एकातर्फ छ भने अर्कोतर्फ गठवन्धन चीनको अगुवाइमा भएको कारण अबको सरकारले भारतलाई एक्लाउने र चीनसँगको सहकार्यलाई घनिभूत बनाउने चर्चा अर्कोतफ चलिरहेको छ ।

चीनमा सि जिन पिङको उदयसँगै चीनको दक्षिण एसियाली राजनीतिमा चाख बढ्नुले भारत अमेरिकाको नीद हराम बनाएको विश्लेषकहरु बताउँछन् । यही कारण अमेरिकाले आफ्नो सुरक्षा नीतिमा ब्यापक हेरफेर गरी दक्षिण एसियाली राष्ट्रहरुलाई भारतीय चश्माले हेर्ने र चीनको वन वेल्ट वन रोडलाई चुनौती दिन एसिया अफ्रिका ग्रोथ कोरिडरको नयाँ विकास अवधारणा अघि सारेको छ । यस अवधारणा अनुसार भारतलाई दक्षिण एसियाको दादा बनाई चीनलाई काउन्टर दिन सन् २०१४ अमेरिकाले भारतलाई चीन जत्तिकै आणविक शक्ति राष्ट्र बनाउन सघाउने हेतुले आणविक सन्धि सम्पन्न गरी सोअनुरुप कार्य थालनी गर्न सुरु गरिसकेको छ ।


नेपालमाथि संविधान जारीपश्चात भारतले आर्थिक नाकाबन्दी गरेको र सो बेला चीनले नेपाललाई सहयोग पुऱ्याएको कारण भारतप्रति नेपाली जनस्तरमै घृणा पैदा भइरहेको बेला भएको नेपालको चुनावमा उही ओलीको दल नेकपा एमालेले चुनाव जित्नुले पनि नेपालले छिमेकीहरुसँगको सम्बन्ध कसरी अघि बढाउला भन्ने कौतुहलता सबैमा जागिरहेको छ । झन् त्यसमाथि माल्दिभ्सको आन्तरिक राजनीतिमा हस्तक्षेप नगर्नु भन्ने चेतावनी दिंदै चीनका जलयुद्ध पोतहरु हिन्द महासागरमा तैनाथ हुनु, यसअघि चीन भारतबीच दोक्लाम विवाद चुलिएको कारण दोक्लाम क्षेत्रमा चीनले सैनिक वन्दोवस्ती बढाउनुले सिर्जना गरेको विवादपूर्ण अवस्थामा नेपालमा नयाँ सरकार बन्दा नबन्दै पाकिस्तानी प्रधानमन्त्रीको नेपाल भ्रमण हुनुले दक्षिण एसियामा शीतयुद्ध भड्कने ठूलो सम्भावना देखिएको छ। इन्दिरा गान्धीको प्रधानमन्त्रित्वकालमा भारतले तत्कालीन सोभियत संघसँग सैनिक सम्झौता गरी त्यसैको बलमा पाकिस्तान टुक्राइ बंगलादेश बनाउने र सिक्किमलाई आफूमा विलय गर्न समर्थ भएको थियो ।

सोभियत संघको पतनपछि चीन विश्व शक्तिको रुपमा उदय भएको र चीन आर्थिक सामरिक विकासले यही गती लिने हो भने दक्षिण एसियामा मात्र नभई विश्वमा नै चीनको प्रभाव बढ्ने देखेर त्यसलाई नियन्त्रण गर्न अमेरिका भारतलाई शक्तिशाली बनाउन चाहिरहेको अवस्था छ ।

यसलाई चुनौति दिंदै चीनले भारतबाहेक सबै दक्षिण एसियाली राष्ट्रसँग आफ्नो सम्बन्ध घनीभूत बनाउन खोजिरहेको तथ्य एकातिर छ भने अर्कोतर्फ चीन भारत ब्यापार बढ्दै गएको छ । सन् २०१४ को तथ्यांक हेर्दा चीनले भारतबाट ६ अरब ४० करोड डलरको आयात गरेको थियो भने भारतले चीनबाट उही समयमा ५८ अरब ४० करोड डलरको आयात गरेको देखिन्छ । यो ब्यापारिक स्वार्थलाई थाँती राखेर एसियाका दुई शक्तिशाली यी मुलुकहरु सजिलै युद्धमा होमिएलान् भन्न पनि सक्ने अवस्था छैन । तर जहाँसम्म सार्कको कुरा छ त्यहाँ द्विपक्षीय समस्या उठाउन नपाइने शर्तको कारण सार्क खाली देखाउने दाँत मात्र सावित भएको छ । भारतको विरुद्धमा पाकिस्तानबाहेक अन्य सदस्य राष्ट्रहरुले चुँ.. पनि नगर्ने कारणले गर्दा सार्क फोरम भारतको दादागिरीलाई नतमस्तक भई स्वीकार्ने थलो भएको छ र यही महत्वहीन सार्कको शिखर बैठक गर्नु पऱ्यो भनेर पाकिस्तानी प्रधानमन्त्री अवस्यै नेपाल आएका होइनन् ।

भारतको दादागिरीलाई ठीक गर्न भारतबाहेक सबै दक्षिण एसियाली राष्ट्रहरु एक भई कास्मिर, ग्रेटर नेपाल, स्वतन्त्र भुटानको मुद्दा उठाइ भारतलाई विखण्डन गर्नुपर्छ र यसमा चीनको सहयोग पनि रहने छ भनेर भन्न उनी नेपाल आएका हुन् भनेर ठोकेर भन्न सकिने अवस्था पनि देखिँदैन । तर जहाँसम्म सार्कको सक्रियता र दक्षिण एसियाको आम समृद्धिको कुरा हो त्यो भारतको दादागिरीको अन्त्य नभई सम्भव पनि छैन, त्यसको लागि पनि ढिलो वा चाँडो भारतको विखण्डन जरुरी देखिन्छ ।

# प्रसंग नारीको : हित सबैको



**जगदीश लामिछाने**
रौतहट, पौराई

महिला आदि नाम शक्ति सञ्चार स्रोत एकत्व, पृथक, बहुधा र विश्वतोमुख एक्ला एक्लै प्रयोग गऱ्यो र तुलनात्मक भएन भने ठीक हुँदैन बरु एकत्वलाई समन्वयात्मक रुपमा लिनु राम्रो होला भनी २०७४ माघ १६ र त्यसको लगत्तैको शुक्रबार विचार गरिएकै हो । यो शीर्षकको दृष्टिकोणले हेर्दा विदेशै गएर काम खोजी पैसा कमाइन्छ भनी हत्ते हाल्ने नेपाली नारीले भारत भएर जाँदा ज्यादै धेरैको लासै नपाइनु दुःखकै कुरो भयो । शिक्षा त बढेकै छ, निजामतीमा पुरुष नारी ८६-१९ हजार अनुपात पनि घट्ने क्रममा छ तर स्वास्थ्य सेवामा र शिक्षा सेवामा नारीको संख्या बढ्नु राम्रै हो । त्यहाँ पनि निजीतर्फकाहरुले कम पारिश्रमिक दिएर शोषण गर्न लागे । हाम्रै शिक्षा क्षेत्र पनि एकत्व आदि स्वार्थी शक्तिमा हिँड्दा समन्वय नभई विश्व विद्यालयहरुकै विचारै बाझेका छन् । शिक्षा दिने संस्कृत शिक्षा आदि रोगग्रस्त नै छन् । राष्ट्र भाषा नेपाली र राष्ट्रिय भाषाहरुमा शिक्षा समन्वय हुनैपर्छ । माध्यमिक तहमा अक्षर मोरेको जाँदैनन् भन्ने आरोप लागेकै छ तर पनि सन्दर्भ नारीको हित सबैको हेर्दा नारीको प्रजनन अधिकार कायम नभए वंश स्थिरता रहँदैन । स्वास्थ्य सेवा त्यहाँ आवश्यकै भएको सम्पूर्ण नारी समाज विश्वस्त नै देखिँदा हाम्रो हिमवत खण्डको आर्य परम्परा धानेर नेपाली श्रीवृद्धिलाई याद गरी नारीहरुले पनि आफ्नो हित चिताएर आफ्नो पेशा मर्यादा, स्वास्थ्य र प्रजनन संरक्षणमै रहनु खुसीकै कुरो हो । दुःखको कुरा संस्कृत पढाउने नेपाल संस्कृत विश्वविद्यालयले आफ्नो वैज्ञानिक विषय गणित ज्योतिष र आयुर्वेदतर्फ अरु वैज्ञानिक शिक्षा नदिनु आफ्नै हित आफैं बिगार्नु नै हो । नेपाल सरकारले माध्यमिक शिक्षामा संस्कृत अनिवार्य गरी समस्या समाधान गरौं ।

यी सबैतर्फ विचार गर्दा शिक्षा, स्वास्थ्य र प्रजनन नारीका प्यारा विषय देखिए त्यसैमा मानव मात्रको र नेपालीहरुको पनि हित नै छ । त्यहाँ समस्या के देखियो भने प्रजनन अधिकारलाई अंकुश अरुले लगाइदिन्छन् । नारीलाई विज्ञापनमय हुन प्रोत्साहन गर्छन् र विश्वभरका साहित्य रचिएका छन् र यतैतिर बगेर नारी आफैंले प्रसाधनमा र श्रृंगारमा अलमलिएर आफ्नै थर दुईटा राख्छन् तापनि बच्चाको थर भने छोड्दैनन् । यी द्वैध नै हुन् समन्वय होइनन् । मुस्लिम आदिमा बहुविवाह र बाध्यात्मकै भए पनि भोग्या भइदिँदा सीता द्रौपदी हैन सरस्वती अर्थात् शिक्षा क्षेत्र पन्छदोछ, स्वास्थ्य क्षेत्र दुःखदायी नै छ अब हामीले नारीलाई प्रारम्भिक शिक्षामा सरस्वती नै बनाएर योजना कार्यान्वयनमा प्रेरणा दिनुपर्छ । विश्वभरका बालखको शिक्षा, स्वास्थ्य र हित संरक्षण गर्नैपर्छ । नारीलाई सघन रुपमा बाल मनोविज्ञान अध्ययन गराएर सुखी विश्व बनाउनैपर्छ ।

एउटा महान वाणी नै छ- नारीले पुरुषको सिको गरिन् भने राम्रो हुँदैन । पुरुषले नारीको सिको गऱ्यो भने महात्मा हुन्छ । सोहौं शताब्दीमा पशुपति त्रिखण्डीकृत गर्ने बंगाली फौज फेरि श्री ५ पृथ्वीकै सामु १८२० मा भीमफेदीमा सेनापति वंशीधरले मारे त्यसै १६ औं शताब्दी पुजारी भण्डारी सन्तान पशुपतिमै कार्यरतै छन् । अहिले पनि बंगलादेश र बर्माको रोहिंग्या ६ लाख जुहारी चलेकै छ फिर्ता गरिने प्रक्रिया सकेर सहमति भइसकेर फेरि लडाइँ बर्मामा मुसलमानले घोषणा गरेर जान पाएका छैनन् भनिन्छ । बर्माकै धर्ममै समन्वय गरी बसिदिए हुँदैन थियो र ? बर्मामा आङसाङसुकी नारी नै र बंगलादेश प्रमुख पनि नारी नै छन् अहिले ।

नेपालमा पहिले जयप्रकाश पतनमा उनकै नारीको सत्ता लिप्सा रह्यो । कोतपर्वमा पञ्जाछाप लगाइदिने र गराउन जंगबहादुर उक्साउने नारी नै भइन् । युरोपको छाडापन विश्वको विज्ञापन, अति सौन्दर्यमोह र सत्ता लिप्सा नारीलाई फाप्दैनन् भन्ने त देखिएकै छ । माओवादी महिला दस्ताले माओवादीबाटै अपमानित हुन परेको ती सैनिक महिलाको बयान वकपत्र अमेरिकाभरि भर्खरै फिंजाएका छन् ।

त्यसैले त युरोप अफ्रिकाको छाडापन, विश्वको विज्ञापनमा पनि नारी बसिरहनु हुँदोरहेनछ । विश्वको हत्या हिंसामा सैनिक जस्ती भएर बस्न पनि सुहाउँदो रहेनछ । नारी आफैंलाई सौन्दर्य प्रशाधिका मात्र होइन, प्रशासक होइन नारी शिक्षित बालख र बालिका तयार गर्ने सरस्वती मात्र हो नारी । नारीले मुजाहिद्दिन भएर पनि सुहाउँदैन । अब नारीले कहिले रिसाउने कहिले खुसाउने भद्रकाली हुनु नपरोस् । नरिसाएर काली नै हुनुपर्ने बालबालिका तयार नगरी दिन पाए हुने थियो । असजिलो काममा पनि सक्नेलाई प्रोत्साहन गरिदिने बालबालिका तयार गरिदिए हुने थियो । बिराएको काममा क्षमा वा सुधार गरिदिन पाए हुने थियो । नारीले धाई अर्थात् रक्षा र आश्रय दिएर नारीले नै देवताको पूजा र पितृको सत्कारकारी बालबालिका तयार गरिदेउ म तिमीलाई नमस्कार गर्छु, तिमी सरस्वती भएर बालमनोविज्ञान सुधारी देऊ । यसैमा शिक्षा स्वास्थ्य आदि जीवनोपयोगी फूलहरु फुल्नेछन् । युवा मनोविज्ञानमा पनि विकृति बढ्न दिइनेछैन । प्रौढ मनोविज्ञानले विश्वको प्रकृति पनि सुधारिँदै जानेछ के छ विचार नारीको ?

## अबको क्रान्ति : पर्यावरणीय (खण्ड २)

सुदर्शन प्रधान

# देवघाटको पर्यावरणीय महानता र यसको संरक्षण

(यो लेख देवघाट क्षेत्र विकास समितिलाई सुझावस्वरूप इप्पन केन्द्रीय समितिको तर्फबाट २०५२ असोजमा पेस गरिएको थियो । उक्त सुझावपत्र यहाँ दुरूस्तै राखिएको छ ।)

**१. प्राकृतिक वातावरण**

देवघाट विकास क्षेत्रभित्रको प्राकृतिक वातावरणमा वन, वन्यजन्तु, पशुपक्षी तथा अन्य जैविक विविधता, नदी, खोलाखोल्सी, डाँडापहाड, पाखापखेराजस्ता सम्पूर्ण प्राकृतिक कुराहरू पर्न आउँछन् । यहाँ आजसम्म यी कुराहरूको संरक्षण हुन सकेन बरू मानिसले चारैतिरबाट आफ्नो निहित स्वार्थका लागि ती सबै कुराहरू लुछे, अझै लुछिरहेछन् । हरेक वर्ष जङ्गलको अधिकांश भूभागमा डढेलो लाग्नु, काठ तस्करहरू सबै क्षेत्रमा सक्रिय हुनु, वन्यजन्तु र पक्षीहरूको सिकार खेलिनु, बम, विष र जालबाट माछा मारिनु त्यसका ज्वलन्त प्रमाण हुन् । यस्ता थुप्रै कारणले यहाँ भएका हजारौं प्रकारका वृक्ष, जडीबुटी, चराचुरूङ्गी र माछाका प्रजातिहरू लोप हुँदै छन् र बाँकी भएका पनि अति सङ्कटमा छन् । अब ती सबैको संरक्षण र संवर्द्धन गरिनुपर्छ । त्यसका लागि निम्न नीतिहरू अपनाइनुपर्छ ।

अ) देवघाट विकास क्षेत्रभित्र पर्ने भनपा, गैंडाकोट र देवघाट गाविसअन्तर्गतका सम्पूर्ण वनसम्पदाको संरक्षण गरिनुपर्छ । यसका लागि–

क) डढेलो नियन्त्रण गरिनुपर्छ–

– डढेलो लगाउने व्यक्तिलाई कडा सजाय गर्नुपर्छ,

– डढेलोको सूचना दिनेलाई पुरस्कार दिई प्रोत्साहित गर्नुपर्छ,

– डढेलो नियन्त्रण गर्न सम्पूर्ण सजनसमुदायलाई सचेत, जागृत र सहभागी तुल्याउनुपर्छ ।

ख) काठ तस्करहरूलाई हतोत्साहित गर्नुपर्छ–

– तस्करीमा प्रत्यक्ष/परोक्ष संलग्न जोकोहीलाई कडा सजाय हुनुपर्छ,

– तस्करबारे सुराक/सूचना गर्नेहरूलाई पुरस्कार दिनुपर्छ,

– विभिन्न नाका, घाट र मार्गहरूमा राति र अन्य समयमा जङ्गलभित्र पनि सशस्त्र सिपाहीहरूले गस्ती गर्नुपर्छ,

– बेरोजगारहरूलाई विकास क्षेत्रभित्र विभिन्न निर्माण र विकास कार्यमा रोजगारी प्रदान गर्ने नीति लिनुपर्छ । यसका लागि हरेक ठेकेदारहरूसँग पूर्वअनुबन्ध गरिनुपर्छ ।

ग) जनताबाट हुने जान/अनजान वन विनाशलाई रोक्नुपर्छ–

– डिपो खोली जनतालाई आवश्यक पर्ने काठ, दाउरा सरल र सुपथ मूल्यमा उपलब्ध गराउनुपर्छ,

– निजी वनको निर्माण र सार्वजनिक खाली जमिनहरूमा व्यापक वृक्षरोपण गर्न जनतालाई प्रोत्साहन र प्रश्रय दिनुपर्छ,

– जङ्गलको एक निश्चित सीमासम्म जनतालाई सामुदायिक वन समिति निर्माण गरेर वन सुम्पँदा धेरै श्रेयस्कर हुनेछ । यसबाट वन सुरक्षा हुने, जनताले आफ्नो आवश्यकता आफैं पूर्ति गर्ने, व्यापक जनता वन संरक्षणमा स्वपरिचालित हुने, तस्करहरू हतोत्साहित हुने, वन्यजन्तु, पशुपक्षीहरूको संरक्षण हुने, डढेलो नियन्त्रण गर्न जनता आफैं सक्रिय हुने आदि सकारात्मक परिणामहरू देखा पर्नेछन् ।

– सुकुम्बासीहरूबाट हुने वन अतिक्रमण रोक्नुपर्छ र उनीहरूको उचित व्यवस्था गर्नुपर्छ,

– घरेलु जनावरहरूलाई जङ्गलभित्र प्रवेश गर्न निषेध गर्नुपर्छ ।

घ) वन्यजन्तु र पशुपक्षीहरूको संरक्षण र संवर्द्धन गरिनुपर्छ । कुनै बेला धेरै प्रकारका वन्यजन्तु र पशुपक्षीहरू प्रशस्त पाइने देवघाट सेरोफेरोको वनविनाशसँगै त्यहाँका धेरै प्राणी र वनस्पति लोप भए । आज बाँकी रहेका पनि सङ्कटमा छन् । अब तिनको संरक्षण गरिनुपर्छ । यसका लागि–

– वन विनाश वन्यजन्तु र पशुपक्षीहरूको सिकार गर्नेहरूलाई कडा सजाय दिनुपर्छ,

– सिकारीहरूबारे सूचना गर्नेलाई पुरस्कृत गरिनुपर्छ,

– पहिले रहेका तर आज लोप भएका वन्यजन्तु र पशुपक्षीहरू अरू ठाउँबाट ल्याएर छोडिनुपर्छ,

– वन्यजन्तु र पशुपक्षीहरू जीवित वस्तु भएकाले यी प्राणीहरू सधैं एक ठाउँमा रहँदैनन् । मौसम, ऋतु फेरिँदा यिनीहरू आफ्ना वासस्थान र चरीचरन पनि फेर्दै जान्छन् । तसर्थ तिनको सुरक्षाका लागि कम्तीमा नवलपरासीको गैंडाकोट गाविससँग जोडिएका रतनपुर, मुकुन्दपुर गाविस, चितवनको भनपासँग जोडिएका सिङ्गो बरन्डाभारको वन र कविलास, चण्डीभन्ज्याङ गाविस र तनहुँको सिङ्गो देवघाटसँग जोडिएको छिपछिपे सिङच्याङ गाविसभित्रका जङ्गलका स्वतन्त्र वन्यजन्तुहरूको संरक्षण गरिनुपर्छ ।

(क्रमशः)

# मैले देखेको छत्तीसौं विश्व सम्पदा : फ्रान्सको सेनलिस क्याथेड्रल

सुरेन्द्र ढकाल




क्याथेड्रलभित्रका मूर्तिहरू



क्याथेड्रलभित्रको गानबजान गर्ने ठाउँ



क्याथेड्रलको भित्री भाग



क्याथेड्रलको ढोकामा कुँदिएका मूर्तिहरू



क्याथेड्रलभित्रका कलात्मक सिसाका झ्याल



फ्रान्सको सेनलिसमा सुरेन्द्र सन् १९८९ मा



सेनलिसको क्याथेड्रलको अग्र भाग ढोकासहित

जर्मन बस्ती भएको फ्रेन्च सहर स्ट्रास्सवुर्ग र कोलमार हेरेपछि हामी बेलायत जाने क्रममा उत्तरी फ्रान्सतर्फ हानिँदै जाँदा हामी सेनलिस भन्ने सहरमा आइपुग्यौं । त्यहाँ हेर्नलायकको विश्व सम्पदा सूचीमा परेको भनेको एउटा क्याथेड्रल र म्युजियमहरू रहेछन् । हामीले चाहिँ क्याथेड्रल हेर्ने विचार गरी सेनलिसमा केही घन्टा रोकियौं । सेनलिसको क्याथेड्रल सन् ११५३ मा निर्माण गर्न सुरू गरिएको रहेछ ।

निर्माण कार्यको नेतृत्व विसप पियरेले लिएका रहेछन् र त्यस कार्यमा उनलाई फ्रान्सको तत्कालिन सम्राटको पनि ठूलो नैतिक सहयोग भएको रहेछ यद्यपि निर्माणको लागि खर्च भने विसप एक्लैले जुटाएका रहेछन् । निर्माण कार्य सुरू भएको सात वर्षमा बल्ल क्याथेड्रलको पश्चिमी मोहोडा र मुख्य द्वारको निर्माण कार्य सकिएको रहेछ । अनि त्यसको बीस वर्षपछि क्याथेड्रल सम्पूर्ण निर्माण सकिएको रहेछ । विधिवत वास्तुपूजा गरी क्याथेड्रलको उद्घाटन भने सन् ११९१ को जुनमा राइम्सका आर्कविसप गिलाउमले गरेका रहेछन् ।

क्याथेड्रलको कुल निर्माण समय भनेको ४० वर्ष हो भन्दा रहेछन् । पछि १३ औं शताब्दीमा क्याथेड्रललाई अग्लाउने कार्य गरिएको रहेछ । यस क्रममा सन् १२४० क्याथेड्रलको दक्षिण मोहडामा टावर बनाइएको रहेछ । चुच्चो आकाशतिर फर्केको यो टावरमा जम्मा दुई तलामात्र राखिएको रहेछ । यो टावरले क्याथेड्रलको मध्यभागलाई स्थिर राख्न र क्याथेड्रलको भित्तामा टाँसिएका जवाहरातहरू प्रदर्शन गर्न मद्दत पुऱ्याएको रहेछ । १४ औं शताब्दिको अन्त्यमा गएर क्याथेड्रलमा जोडेर नयाँ च्याप्टर निर्माण गरिएको रहेछ र १४६५ मा गएर क्याथेड्रलमा गजुरको निर्माण कार्य सम्पन्न गरिएको रहेछ । यसै क्याथेड्रलमा सन् १४७७ देखि ड्युक अफ सेन्ट साइमन र उनका उत्तराधिकारीहरूको चिहान राखिएको रहेछ ।

सन् १५०४ चट्याङ्को कारण आगलागी हुँदा यस क्याथेड्रलका केही संरचना ध्वस्त भएका रहेछन् । यसलाई जिर्णोद्धार गरी जस्ताको तस्तै बनाउन सम्राट लुई चौधौंले आर्थिक सहयोग गरेका रहेछन् । यस क्रममा क्याथेड्रलको माथिल्लो भागलाई पुनः ६ मिटर अग्लो बनाइएको रहेछ । अनि क्याथेड्रलभित्रको दुई स्तम्भहरूको बीचको स्थानलाई दुई गुणा चौडा गरिएको रहेछ । यी भित्ताका मोहोडाहरूमा ज्यादै सुन्दर तरिकाले जवाहरात जडान गरिएका रहेछन् । पछि सन् १५०६ मा यस क्याथेड्रल पुनः जिर्णोद्धार गर्न सुरू गरिएको रहेछ र सन् १५१५ मा सम्पन्न भएको रहेछ । सन् १५२० मा फेरि दक्षिणी मोहोडाको निर्माणसँगै दक्षिणीद्वारको निर्माण सम्पन्न गरिएको रहेछ भने सन् १५३८ मा उत्तरी ढोकाको निर्माण कार्य पनि सम्पन्न भएको रहेछ यही समयमा क्याथेड्रलभित्रको पूर्वी गजुरको निर्माण र सजावट गर्ने कार्य सम्पन्न भएको रहेछ । सन् १६७१ मा क्याथेड्रलभित्रको प्राचीन गाल्लो रोमन भित्तामा गजुर बनाइ त्यसलाई पवित्र हृदय ९क्बअचभम ज्भबचत० भनी नामाकरण गरिएको रहेछ ।

सन् १७७७ मा क्याथेड्रलभित्र गानबजान गर्ने समूहको लागि भनेर कलात्मक ढंगबाट मंच बनाइएको रहेछ । सन् १७८९ ताकाको फ्रेन्च राज्यक्रान्तिको कारण केही फर्निचर, केही मूर्तिहरूको टाउको, ढोका अड्याउने स्तम्भहरू ध्वस्त भएका रहेछन् जुन कार्यको जिर्णोद्धार १९औं शताब्दिको मध्यतिर गएर गरिएको रहेछ । क्याथेड्रलभित्र रहेका कलात्मक सिसाका झ्यालहरू भित्रबाट हेर्दा ज्यादै सुन्दर देखिदा रहेछन् ।

हार्दिक समवेदना



जन्म मिति २०००

स्व. बद्रि प्रसाद ब्यान्जु

स्वर्गारोहण मिति २०७४/१०/१३ गते

मेरो पुजनीय बुबा **बद्रि प्रसाद ब्यान्जु**को यही माघ १३ गते ७५ वर्षको उमेरमा स्वर्गारोहण हुनु भएको आज ४५औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको लागि भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा हामीलाई सान्त्वना दिई धैर्यधारण गर्ने शक्ति प्रदान गर्नुहुने सम्पूर्ण कुटुम्ब, आफन्तजन, ईष्टमित्र, शुभचिन्तकहरुमा हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

छोराः **दुरू काजी ब्यान्जु (दुर्गा)/विमल ब्यान्जु)**

तथा

नवदुर्गा प्रिन्टि सपोर्ट, पुतली सडक

ग्राफिक प्रिन्ट, भक्तपुर

Remember us for the Construction of Private and Public Works

EWES East West Engineering Service Pvt. Ltd.

Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

Office Equipment Problems?
Get your solution today!

CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help

Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.

Our qualified technicians guarantee all of our work and parts.

Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

दाँते सोसाइटी नेपाल

नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।

फोन : ९८५१०२३६७०, ४४४१८१२

SOS MANPOWER SERVICE (P) LTD.

www.sosmanpower.org

ISO 9001

विश्वसनीय र भरपर्दो बैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्

Handphone : 9851024628

G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

घरेलु हिंसा– अपराधको जघन्य प्रकार, सबै मिली गरौं यसको प्रतिकार

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# गर्दैनौं बालविवाह

■ भगीरथ अवस्थी

बैतडी । सुर्नया गाउँपालिका- ३ भौनेलीकी धना भाट एक वर्षअघिसम्म विवाहको कुरा सुन्नेबित्तिकै लाजले रातो मुख लगाउँथिन् । अहिले तिनै धना विवाहको विषयमा खुलेर छलफल गर्ने भएकी छिन् । विद्यालय पढ्ने किशोरी धना आफ्ना दौँतरीहरूलाई पनि सम्झाउँछिन्, '२० वर्ष उमेर नपुगी विवाह गर्नुहुँदैन ।'

एक वर्षअघिसम्म विवाहबारे छलफल नगर्ने धना अहिले कसरी बालविवाहविरुद्ध अभियान चलाउनेसमेत भइन् त ? धना थप्छिन्- किशोरीवृत्त समूहमा छलफल गर्न थालेपछि बालविवाहविरुद्ध बोल्न जान्ने भएका हौँ । बालविवाहले महिलाको जीवनमा पार्ने असरबारे पनि उनीहरू छलफल गर्छन् ।

धनाजस्तै जानकी चन्द पनि बालविवाह न्यूनीकरणमा लागेकी किशोरी हुन् । बालविवाहले छोरीले शिक्षा ग्रहण गर्न नपाउने, स्वास्थ्यमा नकारात्मक असर पर्नेजस्ता कुरा थाहा पाइसकेपछि बालविवाह न्यूनीकरण अभियानमा लागेको जानकीले बताइन् । उनीहरूको गाउँका किशोरीको समूह नै छ- 'चम्किला तारा किशोरीवृत्त' । जहाँ १२ देखि १९ वर्ष उमेर समूहका ३० जना किशोरी छन् । किशोरी समूहले गर्ने कामबारे प्रस्ट्याउँदै जानकीले थपिन्, 'हामी गाउँमा बालविवाह भइरहेका खबर पाउनासाथ रोक्ने प्रयास गर्छौं । अहिलेसम्म गाउँमा ४ वटा बालविवाह रोकिसकेका छौँ । बालविवाहले पार्ने असरबारे किशोरीका आमाबुवालाई सम्झाउँछौँ ।'

सन् २०१४ मा बालिका दुलही होइनन् भन्ने राष्ट्रिय सञ्जालले साबिक पाँचवटा गाविसमा गरेको एक अध्ययनअनुसार बैतडीमा ५९.५ प्रतिशत विवाह हुने गरेको देखाएको थियो । बालविवाहको भयावह तथ्याङ्क देखिएपछि सरकारी तथा गैरसरकारी निकायले बालविवाह न्यूनीकरणका लागि किशोरीवृत्त समूह गठन गरी अभियान चलाएका हुन् । महिला तथा बालबालिका कार्यालयको अगुवाइमा जिल्लाका ११ वटा गाविसमा किशोरीवृत्त समूह र ३० वटा गाविसमा किशोरी समूह गठन गरेको थियो ।

समूहमा आबद्ध भएपछि आजभोलि जिल्लाका किशोरीवृत्त समूहमा आबद्ध किशोरी बालविवाह रोक्नमा केन्द्रित छन् । बालविवाहविरुद्धको अभियान सुरु भएको करिब एक वर्षको अवधिमा जिल्लामा ३० भन्दा बढी बालविवाह किशोरीहरूकै सक्रियतामा रोकिएको महिला तथा बालबालिका कार्यालयले जनाएको छ । 'बालविवाहले पार्ने असरबारे किशोरीवृत्तका सदस्यलाई हामीले सिकाएका छौँ । अहिले गाउँगाउँमा बालविवाह रोक्ने क्रम सुरु भएको छ,' महिला विकास अधिकृत अनिता बुढाऐरले बताइन् ।

जिल्लाको दक्षिणी क्षेत्र मेलौली नगरपालिकाको सलेनामा रहेको प्रगतिशील किशोरीवृत्त समूहकी सचिव कुन्ती भट्टले गाविसमा बालविवाह रोक्न गाविसस्तरीय बालविवाह न्यूनीकरण समिति नै गठन भएको बताइन् । किशोरीवृत्तको पहलमा सलेनामा ३ वटा बालविवाह रोकिएको उनले जानकारी दिइन् । कुन्तीले थपिन्, 'हामीले विद्यालयबाट बालविवाह तय भएका बालिकाको जन्मदर्ताको प्रमाणपत्र माग्यौँ अनि २० वर्षभन्दा मुनि बिहे गरेमा कानुनी कारबाही हुन्छ भन्ने कुरा अभिभावकलाई बतायौँ । त्यसपछि विवाह रोकियो ।'

जिल्लाको पाटन नगरपालिका सिद्धेश्वरमा किशोरीवृत्तको पहलमा १५ भन्दा बढी बालविवाह रोकिसकिएको सिद्धेश्वर किशोरीवृत्तकी सचिव भुवी विष्टले जानकारी दिइन् । उनी भन्छिन्, 'हामीले गाविसमा बालविवाह न्यूनीकरणका लागि चलाएको अभियान २ वर्षभन्दा बढी भइसकेको छ । हाम्रो अभियानले यसबीचमा धेरै सफलता हासिल गरेको छ । हामी सिद्धेश्वरलाई बालमैत्री गाउँ घोषणा गर्न सफल भएका छौँ । बालविवाह गर्न तयार भएका अभिभावक पनि बालविवाह न्यूनीकरण अभियानमा लागिरहेका छन् । यसले हामीलाई खुसी तुल्याएको छ,' उनले भनिन्, 'बालविवाहले सबैभन्दा बढी प्रभावित हामी किशोरी नै हुन्छौँ । त्यसैले हाम्रो समस्या समाधानका लागि हामी नै अग्रसर भएका हौँ ।'

जिल्लाकै सिद्धपुर गाविसमा गठित किशोरीवृत्तकी अध्यक्ष राधिका भट्ट प्रत्येक हप्ताको शनिबार गाउँका किशोरीलाई जम्मा गरेर बालविवाहको असरबारे बताउँछिन् । 'हामीले बालविवाहविरुद्धको अभियान सञ्चालन गरेयता गाउँमा बालविवाह भएको छैन । अभिभावकले बिहेको कुरा निकाल्नासाथ किशोरी आफैँ प्रतिवाद गर्छन्,' उनी बताउँछिन्, 'विवाह गर्ने निर्णय अभिभावकको हातमा मात्रै हुने कुरालाई हामीले परिवर्तन गरेका छौँ । अहिले हामी बालिकाले पनि उच्च शिक्षा ग्रहण गर्न पाउनुपर्छ । छोरी पनि समाजमा ठूलो मान्छे हुन सक्छन् भन्ने कुरा सिकाउँदैछौँ ।'

किशोरीले बालविवाहविरुद्धको अभियान सञ्चालन गरेयता छोरीलाई पनि पढाउनुपर्छ भन्ने मान्यताको विकास हुँदै गएको जनता मावि सिद्धेश्वरका शिक्षक पुण्डरिक शर्मा बताउँछन् । उनी भन्छन्, 'पहिलापहिला छोरीलाई १५ वर्ष भयो भने पराइघर पठाउनुपर्छ भन्ने मान्यता थियो । राम्रोसँग पढ्दै गरेका बालिकाको सुटुक्क बिहे गरिदिन्थे । अहिले नानीहरूले अभियान चलाएपछि अभिभावकले छोरीलाई पनि छोरासरह पढाउनुपर्छ भन्ने बुझ्न थालेका छन् ।'

जिल्लाका अहिले धेरैजसो गाविसमा किशारीवृत्त समूह बालविवाह न्यूनीकरण अभियानमा लागिरहेका छन् । 'उनीहरूले घर, विद्यालय, समूह बैठक सबै ठाउँमा सहभागिता जनाएर बालविवाह न्यूनीकरणका लागि पैरवी गरिरहेका छन्,' संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोषका जिल्ला कार्यक्रम अधिकृत गणेश शाही किशोरीवृत्त समूहकै अगुवाइमा जिल्लालाई नै २०७५ सालभित्र बालविवाहमुक्त जिल्ला घोषणा गर्ने तयारी भइरहेको बताउँछन् ।

बालविवाहले पार्ने असरबारे किशोरीलाई तालिम दिएपछि उनीहरूले गाउँगाउँमा अभियान सुरु गरेको महिला विकास अधिकृत अनिता बुढाऐरको अनुभव छ । 'बालविवाह सर्वाङ्गीण विकासको बाधक भएकाले हामीले किशोरीमार्फत नै बालविवाह रोक्ने अभियान सुरु गरेका हौँ । केही हदसम्म रोक्न सफल भएका छौँ । सबै ठाउँमा बालविवाह रोकियो भने पछि समाजमा बालविवाह गर्ने चलन हराउँछ ।'

बालविवाहले महिलाको प्रजनन स्वास्थ्यमा गम्भीर समस्या ल्याउने भएकाले यसको अन्त्य गर्नुपर्ने जिल्ला स्वास्थ्य कार्यालय बैतडीका प्रमुख डा. गुणराज अवस्थीले बताए । उनी थप्छन्, 'सानो उमेरको विवाहले महिलाले सानै उमेरमा बच्चा जन्माउनुपर्छ । प्रजनन अङ्गहरू विकसित नहुँदै बच्चा जन्माउँदा महिलाले धेरै समस्या भोग्नुपर्ने हुन्छ । त्यसैले महिलाको समग्र विकासका लागि बालविवाह अन्त्य हुनुपर्छ । जिल्ला स्वास्थ्य कार्यालयले पनि आफ्ना कार्यक्रममार्फत बालविवाह रोक्नका लागि पहल गरिरहेको छ ।'

(सञ्चारिका फिचर सेवा)

# प्रेम भावमा रङ्गीने पर्व हो होली

■ धीरेन्द्र प्रेमर्षि

होली आनन्द र उत्साहको पर्व हो । मनभित्रका विभिन्न वैमनश्यलाई पखालेर आत्मीयताको न्यानोपनमा बाधिने पर्व हो होली । यो यहि रूपमा मनाइँदै आएको छ र मैले पनि यहि रूपमा नै मनाउँदै गरेको छु ।

हिन्दु सभ्यतामा मनाइने जति पनि चाडपर्वहरू छन् ती सबैको पृष्ठभूमीमा सामान्यतया केही किम्बदन्तीहरू जोडिएका हुन्छन् । त्यसमा असत्यमाथि सत्यको विजयको चर्चा गरिएको हुन्छ । यसमा भक्त प्रह्लादलाई उसका बाबु हिराण्यकश्यपुले सत्यबाट जोगाउन खोज्दा पनि नसकेपछि आफ्नै बहिनी होलीकाको काखमा राखेर भस्म पार्न खोज्दा होलीका नै भस्म भई सत्यको विजय भएको कुरा हामीले किम्बदन्तीहरूमा पाउन सक्छौँ । यी र यस्ता विभिन्न कथाहरू जोडिएका हुन्छन् । खासमा भन्ने हो भने त्यसलाई सत्यतामा पगाल्ने संयन्त्रता हामीमा छैन । यी कथाहरू त हामीले विश्वास गर्दै आएका हौँ । हेर्नुपर्ने के छ भने त्यसले समाजमा कस्तो प्रभाव पारिरहेको छ । समाजलाई एउटा सकारात्मक दिशातर्फ लैजाने क्रममा अलिखित प्रकृतिको प्रावधान समाजका ज्ञाताहरूले बनाएका हुन्छन् । त्यसै क्रममा यी चाडपर्वहरूले पनि यहि कुराको संकेत गरिरहेको हुन्छ । नराम्रो पक्षलाई पन्छाउने र राम्रो पक्षलाई अगाल्ने । यो पनि त्यसकै एउटा उपक्रम हो जस्तो मलाई लाग्छ । वर्षभरी हामी कामकाजमा लागिरहेका हुन्छौं त्यसलाई छोडेर एक ठाउँमा बसेर एकआपसमा उल्लासका साथ रमाईलो गरौं भन्ने सामान्यता मान्यता यही नै हो । मिथिलाको सन्दर्भमा भन्नुहुन्छ भने मिथिला कृषिप्रधान क्षेत्र भएकाले त्यहाँका मानिसहरू कहिले पनि खाली बस्दैनन् । कृषिकर्मबाट फुर्सद मिल्यो कि कुनै न कुनै चाडपर्वको बाहनामा त्यसलाई सक्रिय तुल्याइहाल्छन् । यो होली पर्व पनि त्यही किसिमको हो । महत्वपूर्ण कुरा त आत्मियताको कुरा छ, संगीतात्मक कुरा छ, त्यो सबैभन्दा पहिले मनभित्र रहेका मैलहरू छन्, पहिले शरीरमा रंग दल्ने र रंगसँगै मनको मैला पनि पखालेर लैजाने । त्यो उत्सवको रूपमा मनाईदै आइरहेको मैले महसुस गरेको छु ।

सबै ठाउँमा होलीको आ-आफ्नै महत्व छ । वास्तवमा भन्नुपर्दा यसलाई उल्लासकै रूपमा मनाइन्छ । पछिल्लो समय मैले मिथिलाको संस्कृतिलाई सुक्ष्म रूपमा हेर्ने प्रयास गर्दैछु । यस क्रममा मैले के देखे भने या पर्वमा उल्लास त छँदै छ अझ प्रेम, समाज सुधार, हामीले मान्दै आएका देवतालाई पूजा गरेर नै हामीले होली पर्वको सुरुवात गर्छौं । यस किसिमको आस्था र विश्वास रहेको छ । होली पर्व भनेको रंग लगाउने, भाङ धतुरो खाने पर्व मात्र नभई ठूलाको हातबाट टीका लगाएर आशिस लिने, प्रेम र सद्भावको पर्व पनि हो । यो एउटा सांगातीक पर्व पनि भएकाले मिथिलामा एकदम सभ्यताकासाथ वसन्त पञ्चमीदेखि नै होलीका गीतहरू गाउने गरिन्छ । त्यस गीतमा रामरमिताका कुराहरू भन्दा पनि जीवनभर भोगिने दुःख सुखका, अध्यात्म तथा धार्मिक कुराहरू पनि ल्याइन्छन् । त्यस्ता किसिमका गीतहरूले पनि वसन्त पञ्चमीदेखि फागुनसम्म विशेष महत्व पाएको हुन्छ भने घरआँगनमा गृहणीले जुन किसिमको गीतहरू गाउँछन् त्यस गीतले पनि माघ र फागुन महिनामा विशेष स्थान पाएका हुन्छन् । नवविवाहका गीतहरूमा पनि फागु गीत आएको हुन्छ । यस समयमा सम्पूर्ण मिथिला क्षेत्रमा फागुले गहिरो आत्मियताको रंग घोलेको हुन्छ ।

होलीको ऐतिहासिकता बारे यही नै हो भन्न सकिँदैन । हुन त माथि होलीकाको प्रसंग उल्लेख गरियो । भगवान रामचन्द्रजी ससुराली आउँदा खेलिने होली, कृष्णले गोपिनीहरूसँग खेल्ने होलीको चर्चा गरिन्छ । यहिँबाट नै होलीको सुरुवात भएको हो भनेर भन्न सकिदैन । हिराण्यकश्यपु र प्रह्लादको कथा नै सबैभन्दा बढी प्रचलित हो । समग्रमा भन्नुपर्दा यसलाई आत्मियताकै पर्वको रूपमा लिनुपर्ने हुन्छ ।


होलीका गीतहरू जीवनका कुनै पनि पाटोसँग अछुतो छैनन् । प्राय अध्यात्मसँग नै जोडिएको हुन्छ । जीवनमा भोग्ने जति पनि समस्या छन् तिनीहरूलाई समाधान गर्ने तर्फ पनि केन्द्रित छन् भने केही रमाइलोका लागि पनि गाउने प्रचलन छ तर त्यो पनि सस्तो मनोरञ्जनात्मक नै हो । पछिल्लो समयमा भोजपुरी भाषामा केही अश्शील प्रकृतिका गीतहरू बढि बन्न थालेको र त्यसले झन् प्राथमिकता पाउन थालेकोले त्यसको असर मिथिला क्षेत्रमा पनि देखिन्छ । सबै गस्तहरू अश्शील प्रकृतिका पनि छैनन् । कतिपय होलीकै गीतहरू अति नै राम्रा पनि छन् । भोजपुरीको सांगीतिक परम्परा आफैमा समृद्ध छ तर पछिल्लो समयमा भोजपुरी गीत भन्नासाथ त्यसको नकारात्मक छवि मिथिला क्षेत्रमा पनि देखिदै आएको छ । सबैभन्दा ठूलो कुरा हो मंगलकामना । हुन त पर्वहरू व्यक्तिगत आनन्दका लागि मनाइन्छ तर आफ्नो लागि मात्र नभई आफू बस्ने गाउँ, समाज, छरछिमेकले पनि उन्मुक्तका साथ चाडपर्वहरू मनाउँछन् । जीवन भन्ने कुरा आज छ भोली नहुन पनि सक्छ । त्यसैले हामी जति बाँच्छौँ त्यस समयको सदुपयोग गर्‍यौँ, प्रेम बाँडौं । घृणा पस्किने समय त जति पनि समय छ । प्रेम महत्वपूर्ण हो ।

मिथिला क्षेत्रमा गाइने जोगिरा, होलीका गीतहरू लोप नै त भइसकेको छैन तर कमी भने पक्कै आएको हो । कमी कसरी आएको छ भने जुन अविछिन्न परम्परा हुन्छ, त्यो परम्परालाई सामाजिक रहन सहनले सामाजिक व्यवस्थामा आएको परिवर्तनले असर पुर्‍याइ रहेको हुन्छ । नेपालको सन्दर्भमा भन्नुपर्दा माओवादी द्वन्द्वकालमा साँझमा बसेर गीत गाउन नै नसक्ने स्थिति बनाइदियो । त्यसले पनि अलिकति प्रभाव पारेको छ । जबसम्म मान्छे जुट्ने भएनन् तबसम्म गीत गाउने कुरै भएन । त्यसले धेरै हदसम्म बाधा पुर्‍यायो । अब मान्छेहरू कृषि कर्म छोडेर विदेश पलायन हुनेको संख्या दिनानुदिन बढिरहेको छ । यसले गर्दा गाउँमा सिर्जनशील युवाहरूको संख्या घट्दो क्रममा छ । गाउँमा बुढाबुढी मात्र भएकोले यस्ता गीतहरूलाई निरन्तरता दिन सकिरहेका छैनन् । यी दुईटा प्रमुख कारण हो । यस्ता विविध कारणहरू भएपनि सिर्जनशील मनहरू थाकेका छैनन् । अहिले पनि जिवित नै छ ।

होली मनाइने तरिकामा फरकपना त आए कै छ र यो स्वभाविक पनि हो । यो सांगीतक पर्व भएकाले गीतहरू त गाउँछन् तर आजभोली फिल्मका गीतहरूले ठाउँ पाउन थालेका छन् । फिल्मका गीत व्यापक भइसकेपछि एउटा प्रदेशबाट अर्को प्रदेशमा जान थालेका छन । पहिले जस्तो आफ्नै गाउँ ठाउँमा गरिने सिर्जनशील गीतहरू भने आजभोली हराउँदै गएको छ । अर्को कुरा के छ भने आजभोली होली भन्ने बित्तिकै खाने, रमाउने, होहल्ला गर्ने हो भन्ने मानसिकता पालेका हुन्छन् तर होली एकआपसमा प्रेम भावमा रंग मनाउने पर्व हो ।

*(मधेश दर्पण फिचर सेवा)*

# साहित्यकार राई रहेनन्



नेपाली भाषाका प्रख्यात साहित्यकार तथा आयामेली आन्दोलनका अग्रेता इन्द्रबहादुर राईको ९० वर्षको उमेरमा निधन भएको छ । राईको दार्जिलिङको लोचनगरस्थित निवासमा मंगलबार साँझ साढे ६ बजे उपचारका क्रममा निधन भएको हो । राई लामो समयदेखि अस्वस्थ भएको पारिवारिक सूत्रले बताएको छ । भारतको दार्जिलिङमा जन्मेका राईले नेपाली भाषा तथा वाङ्मयमा लामो योगदान पुर्‍याउनुभएको थियो । नेपाली साहित्यमा नयाँ पाश्चात्य शैली र विचारधाराको प्रवेश गराउनुभएका राईका आख्यानकार राईका उपन्यास 'आज रमिता छ' कथासंग्रहरू 'कथास्था', 'विपना कतिपय', 'कठपुतलीको मन', निबन्धसंग्रह, 'लेखहरू र झ्याल', समालोचनासंग्रह 'अर्थहरूको पछिल्तिर', 'नेपाली उपन्यासका आधारहरू', 'लीला प्रस्तावना'लगायतका विभिन्न कृति प्रकाशित छन् ।

उहाँको आयामेली आन्दोलन र लीलालेखनले पछिल्लो पुस्ताका लेखकलाई समेत प्रभावित पारेको छ । २०२० को दशकमा उहाँले नेपाली साहित्यको आयाममा परिवर्तन ल्याउन बैरागी काइँला र ईश्वरवल्लभसँग मिलेर 'तेस्रो आयाम' साहित्यिक अभियान चलाउनुभएको थियो । साहित्यमा विभिन्न प्रयोग र साहित्यमाथिको सैद्धान्तिक चिन्तनका लागि उहाँले प्रसिद्धि कमाउनुभएको थियो । नेपाली भाषालाई भारतको संविधानमा राष्ट्रभाषाका रुपमा पहिचान दिलाउने चार दशक लामो भाषिक आन्दोलनमा पनि राईको योगदान रहेको बताइन्छ ।

१७ माघ १९८४ सालमा दार्जिलिङको खर्साङमा जन्मिएका इन्द्रबहादुर राई पेसाले प्राध्यापक हुनुहुन्थ्यो । राईले भारत सरकारबाट सन् १९७५ को साहित्य अकाडेमी पुरस्कार 'नेपाली उपन्यासका आधारहरू' पुस्तकबाट पाउनुभएको थियो ।

कथा

■ लक्ष्मी उप्रेती

# समयको फेरो

रातको समय छ । भव्य होटलको सिसाले घेरेको कोठाबाट हेर्दा विद्युतीय प्रकाशले उजेलिएका सीमाहीन चिल्ला सडकमा आँखा चिप्लिन्छन् । राम्रा सुकिला विभिन्न आकार प्रकारका व्यस्त गाडीहरू वेगवान् गतिले कुदेका छन् आफ्नो गन्तव्य ताक्दै । आवतजावत गरिरहेका गाडीहरूबाट निस्किएको बत्तीको चहकिलो प्रकाशले सडक सुन्दर कलेवरमा सजिएको देखिन्छ । यो मनमोहक वातावरण, यो सपनामा देखिएको सहर विपना भएर पनि मेरो लागि कस्तो अभिशप्त बन्यो, हरे

यो मेरो सुखद पलमा उनको उपस्थिति कस्तो विषादयुक्त बन्यो ? अतीत बिर्सन खोज्छु स्मृतिहरू बग्दै आउँछन् सलल ?

कुनै बेला जसलाई आफ्नो मुटुको टुक्रा जस्तै ठान्थें, आज त्यसैलाई मनको एउटा कुनामा अटाएर राख्न सक्दिनँ । एकान्तमा उनलाई नै सम्झिएर पिउँदै छु उनकै नामका पीडा स्मृतिहरू ।

कुनैकुनै पीडालाई रङ्ग भरेर किन पोत्न सकिँदैन क्यानभासमा ? आज समयको फेरोबाट लम्किएर थुप्रै टाढा पुगेर पनि मन दुख्दैछ उनीसँग बिताएका विगतका सम्झनाहरूमा ।

छुटिसक्यो भनेको पीडा पनि समयको गर्भभित्र हुर्किरहेको हुँदोरहेछ । उनीसँग हुँदाको समयमा उनीसँगै देख्ने गरेको सपनाको सहरमा छु यसबेला । तर यो कस्तो विडम्बना हो ? यो प्राप्तिको पलमा खुम्चँदै भासिँदै छु ।

चारवर्ष अगाडि विदेशको आकर्षण र भौतिक सुखसुविधाको मोहमा परेर विप्लवीले मसँगको प्रेम लत्याइन् । त्यस चोटले कति दिनसम्म त म पलपल मर्दै बाँच्दै गरेँ । पहिलो प्रेममा धोका पाउँदा मलाई सहन कति गाह्रो पर्‍यो ?

बिस्तारै-बिस्तारै बाँच्ने प्रेरणा प्राप्त भयो । बुझ्दै जाँदा जीवनप्रति मोह जाग्न थाल्यो र समयले उद्देश्यमा पुग्ने बाटो कोर्दै यसरी यहाँसम्म ल्यायो ।

ती दिनहरूमा विप्लवी कविता लेख्थिन् मेरा लागि, म चित्र कोर्थें उनका लागि । सम्झन नचाहँदा पनि बिर्सन नसक्ने विगत पोखिन्छ आँखामा ।

जब एस.एल.सी. पास गरेर म आइ.ए.पढ्नका लागि काठमाडौँ आएँ, तब डेरा खोज्दै जाँदा विप्लवीको घरमा पुगेँ । उनको घर मैले पढ्न चाहेको ललितकला क्याम्पस नजिकै भएकाले उनकै घरमा डेरा लिएर बस्न थालेँ ।

गाउँमा भएको अलिकति खेतीपाती आमाले दुःख गरेर सम्हाल्दै पढ्ने खर्च जुटाएर मलाई पठाउनु हुन्थ्यो । आफ्नो इच्छा अनुसार पढ्ने उद्देश्य राखेर म सहर आए अनि ललितकला क्याम्पसमा पढ्न थालेँ ।

त्यसबेला विप्लवी कक्षा नौमा पढ्थिन् । उनी कविता लेख्ने र म चित्र बनाउने भएकाले कला प्रदर्शनी र साहित्यिक कार्यक्रममा हाम्रो भेट हुन थाल्यो । बिस्तारै हामी एक अर्काका प्रशंसक हुँदै जाँदा हाम्रो मित्रता बढ्दै गयो ।

दिन बित्दै गए । मेरो फुर्सदको समयमा विप्लवी मसँग हिसाब र अङ्ग्रेजी सिक्न आउन थालिन् ।

एक दिन विप्लवीकी आमाले भन्नुभयो "बाबु, विप्लवीको एस.एल.सी. आउने बेला भयो । अब उसको परीक्षा नसकुन्जेल बाबुले अलि बढी समय निकालेर उसलाई सिकाइदिनु पर्‍यो । परीक्षाभरि बाबुले पनि हाम्रैमा खाना खाने है ।" विप्लवीकी आमाको वचन काट्न सकिनँ र विप्लवीलाई पढाउन थालेँ ।

विप्लवीको एस.एल.सी. परीक्षा सकियो । केही दिनमा परीक्षाफल प्रकाशित भयो । विप्लवी राम्रो अङ्क ल्याएर प्रथम श्रेणीमा उत्तीर्ण भइन् । उनको त्यस सफलतामा उनीहरूले मन खोलेर मलाई धन्यवाद दिए । म पनि उत्पात खुसी भएँ ।

साहित्यमा रुचि भएकाले विप्लवीले नेपाली विषयमा उच्च शिक्षा हासिल गर्ने उद्देश्य राखेर पद्म कन्यामा आइ.ए. पढ्न थालिन् । उनी क्याम्पस पढ्न थालीकन साहित्य, कलाका साथसाथै क्याम्पसमा हुने अन्य गतिविधिबारे हाम्रो चर्चा हुन्थ्यो । हाम्रो कुरामा विप्लवीकी आमा पनि सहभागी भएर हामीलाई साथ दिनुहुन्थ्यो ।

गफ गर्दागर्दै चिया नास्तामात्र नभई कहिलेकहीँ त विप्लवीकी आमाको करमा परेर खाना पनि त्यहीँ खान्थेँ । आफैले खाना बनाएर खान लाग्दा उनीहरूको भान्छामा पाकेको कुनै न कुनै परिकार विप्लवीले मलाई पनि ल्याइदिन थालिन् ।

राम्रो अङ्क ल्याएर म आइ.ए. उत्तीर्ण भएँ । बि.ए. पढ्नका लागि मलाई छात्रवृत्ति प्राप्त भयो ।

किताब या क्यानभास अगाडि बसेर कूचीमा रङ्ग दल्दै औंला खेलाउनु र विप्लवीको नजिकमा बितेको समय सुखद हुन्थ्यो मेरा लागि ।

बि.ए. को प्रथम वर्षको परीक्षा सकिएपछि केही दिनका लागि घर जाने निधो गरेर विप्लवी र विप्लवीकी आमासँग बिदा मागेँ । त्यसबेला मेरो घर जाने कुरा सुनेर विप्लवीले निन्याउरो अनुहार लगाइन् । उनकी आमाले पनि भन्नुभयो "बाबु छिटै फर्कनुहोला, तपाईं हाम्रै परिवारको सदस्य जस्तो हुनुभयो । तपाईं नहुँदा अब हामीलाई शून्य हुन्छ ।"

............

भोलिपल्ट बिहानै घर जान बाटो लागेँ । घर पुग्दा झमक्क साँझ परिसकेको थियो । आमा मेरा लागि मनपर्ने खानाको परिकार बनाएर घाम अस्ताउनु अघिदेखि नै बाहिर पिंढीमा बसेर मेरो बाटो हेरिरहनु भएको रहेछ ।

घर पुगेर आमालाई ढोगेँ । आमाले मलाई सुमसुम्याउँदै बल्ल आइस् मेरो बाबु भनेर भावविभोर हुनु भयो । म पनि वात्सल्यमा चुर्लुम्म डुबेर आनन्दविभोर भएँ ।

केही दिन बित्न नपाउँदै विप्लवीको अभाव खड्किएर मभित्र खालीपन भइनै रह्यो । विप्लवीको सम्झनामा बहकिएर आमाको स्नेहमा म ठ्याक्कै रमाउन सकिनँ । त्यसैले विप्लवीको सामीप्य पाउन केही दिनपछि नै काठमाडौँ फर्किएँ ।

विप्लवीसँगको बिछोडमा रमाइलो बेचैनीले विक्षिप्त भएको अनुभव गरेँ । उनीसँग थाहै नपाई प्रेम भैसकेको रहेछ ।

यता विप्लवी पनि म नहुँदा विचलित भइछिन् । म पुगेपछि किन यति धेरै दिन लगाउनु भयो । अलि छिट्टै आउनुपर्थ्यो नि भन्दै सुँक्क सुँक्क गरिन् ।

हो, त्यसबेला उनले मलाई प्रेम गरेकी थिइन् । साँचो प्रेम ।

समय बित्दै गयो । मैले बि.ए. फाइनल परीक्षा दिएँ । केही दिनमा परीक्षाफल प्रकाशित भयो । राम्रो अङ्क ल्याएर प्रथम श्रेणीमा नै उत्तीर्ण भएँ । मेरो सफलतामा विप्लवी र उनकी आमा पनि रमाए ।

घरमा गएको बेला आमाको दुःख देखेर म भित्रभित्रै पिरोलिरहेको थिएँ । त्यसैले मैले डिग्रीको पढाइसँगसँगै जागिर खाने निर्णय गरेँ । जागिरका लागि आफ्नो बायोडाटा लिँदै थुप्रै कार्यलय चाहारेँ । फलतः एउटा राम्रो कम्पनीमा चित्त बुझ्दो जागिर पाएँ र डिग्री पढ्दै जागिर खान थालेँ ।

त्यसपछि शनिवार बाहेक अन्य दिनहरूमा म व्यस्त नै रहन थालेँ । शनिवारचैं विप्लवीसँग कहिले सिनेमा हेरेर, कहिले धुलिखेल, गोकर्ण, नगरकोट, साँखु, सुन्दरीजल, चोभारजस्ता रमणीय स्थानमा घुमफिर गरेर रमाइलै रमाइलोमा बित्दथ्यो ।

खुसी खुसीमा नै दिन बितिरहेका थिए । एक दिन गाउँबाट आमा निकै बिरामी हुनु भएको छ भन्ने खबर आयो । यस्तो खबर सुनेपछि विप्लवीलाई समेत भन्न भ्याइनँ र हतारिएर गाउँतिर लागेँ । आमाको अवस्था निकै कमजोर भैसकेको रहेछ । अनि केही दिनमा आमाको उपचारको लागि काठमाडौँ नै लिएर आएँ ।

यसै बीचमा निकै वर्ष विदेशमा बस्ने एउटा नेपाली मानिस विप्लवीको घरमा फ्याल्ट नै भाडामा लिएर बस्न थालेको रहेछ । त्यो मानिससँग बिस्तारै-बिस्तारै विप्लवीको हिमखिम बढ्दै जान थालेछ ।

आमाको उपचारमा व्यस्त भएर म कति दिन अफिस पनि गइनँ । पढाइ छुटे नै जस्तो भयो । विप्लवीसँगको भेट पनि पातलिन थाल्यो । बल्ल-बल्ल समय निकालेर भेटन जाँदा पनि कहिले यो काम कहिले ऊ काम भनेर उनी मबाट टाढा हुन्थिन् ।

उनको भान्छामा पाकेको खानेकुराहरू मेरा लागि आउनै छाड्यो । विप्लवीकी आमाको पनि व्यवहार बदलिन थाल्यो । बिस्तारै उनीहरूले त्यो विदेशबाट आएको केटालाई नजिक बनाउँदै गए ।

एकातिर दिन प्रतिदिन आमाको बिग्रँदो स्थितिले म चिन्ताग्रस्त थिएँ भने अर्कातिर विप्लवीको यस्तो प्रकारको व्यवहार देखेर म झन् विक्षिप्त भएँ ।

यसरी नै तीन महिना बिते । अन्तमा आमालाई निको नहुने रोग क्यान्सर लागेको थाहा पाएँ । त्यस्तो अवस्थामा पनि विप्लवीले मलाई सहानुभूतिसम्म दिइनन् । बरु मेरै अगाडि त्यो केटासँग हाँसी-हाँसी हिँड्न थालिन् ।

यस्तो देखेर मलाई सहन निकै गाह्रो पर्‍यो । एक दिन उनलाई उनकी आमाकै अगाडि विप्लवी, आमालाई क्यान्सर भएछ । यसबेला तिम्रो साथ भएन भने म विचलित हुन्छु । तिमीले मेरो पीडालाई बुझ्ने छौ भनेर भावविभोर हुँदै भनेँ ।

*क्रमशः*

# सात वर्षदेखि जलिरहेछ सिरिया



विष्णु भट्टराई

ट्युनिसियाका एम श्रमजीवी मोहम्मद वैआजिजिको मृत्युले उत्तर अफ्रिका र मध्यपूर्वका अरबी मुलुकहरुमा दशकौंदेखि तानाशाही शासन चलाउँदै आएका तानाशाहहरुका विरुद्धमा जनआन्दोलनको आँधीबेरी सिर्जना गरायो । बैआजिजि ट्युनिसियाका एक सामान्य नागरिक थिए । १७ डिसेम्बर २०१० मा उनलाई ट्युनिसियाली प्रहरीले पक्राउ गऱ्यो । प्रहरीले पक्राउ गर्नुपर्ने त्यस्तो अपराध उनले केही गरेका थिएनन् । बैआजिजिले बिना लाइसेन्स तरकारी बेच्नु नै सरकारी दृष्टिमा अपराध ठहरियो । ट्युनिसियामा बढ्दो शैक्षिक बेरोजगारी ठूलो चुनौती बनेको थियो । बैआजिजि तिनै युवामध्ये एक थिए जो तरकारी बेचेर बिहान बेलुकाको छाक टार्थे । तर उनलाई रोजगारीको अवसरको त कुरै छोडौं तरकारी बेचेर गुजरा गर्न पनि सरकारले दिएन । गिरफ्तारीपछि उनी हदै निराश भए । आफू अपमानित भएको ठाने । बाँच्नुको अर्थ देखेनन् उनले, न त देखे जीवनको कुनै महत्व । दिनैपिच्छे भोकभोकै मर्नुभन्दा बरु एकपटक सदाका लागि मर्नु नै उचित ठाने उनले । निरंकुश शासकलाई खिच्याउँदै सरकारी कार्यालयअघि नै आत्मदाहको प्रयास गरे उनले । ४ जनवरी २०११ म उनले यस धरतीबाट सधैं सधैंलाई बिदा लिए । उनको मृत्युले ट्युनिसियामा तरकारीका लागि होइन लोकतन्त्रका लागि लड्न लाखौं युवाहरुलाई प्रेरित गरे । उनको मृत्यु बाँच्नेहरुको आत्मामा तानाशाही शासनविरुद्ध लड्ने अजेय शक्ति जाग्यो ।

जनविद्रोह दबाउन ट्युनिसियाका शासक बेन अलीले सम्पूर्ण राज्य शक्तिको दुरुपयोग गरे तर आन्दोलन झनै तीव्र रुपमा अघि बढ्यो । आखिर बेल अली साउदी अरबमा शरणार्थी बन्न पुगे । ट्युनिसियाबाट उनी भाग्न बाध्य भए । ट्युनिसियाबाट सल्किएको लोकतन्त्रको आगो मध्यपूर्वमा डढेलोको रुपमा फैलियो । इजिप्टमा होस्नी मुबारकको सत्ता ढल्यो । लिबियामा कर्णेल गद्दाफी मारिए । यमनमा पनि निरंकुशता ढल्यो । सिरियामा असद सत्ता ढाल्न विद्रोह उठ्यो । अरब वसन्तले सिरियाको असद शासनलाई भने ढाल्न सकेन । सिरिया अहिले बमको धूवाँभित्र निस्सासिइरहेको छ । सिरिया विदेशी शक्तिराष्ट्रहरुको खेलमैदान बनेको छ । विशेषतः अमेरिकी स्वार्थका कारण सिरियाली युद्ध अन्त्यहीन बनेको हो । सन् १९६८ मा ब्रिटेनले मध्यपूर्वी एसियामा रहेका आफ्ना सैन्य अखडाहरु फिर्ता गरेपछि अमेरिका यस क्षेत्रमा पसेको हो । मध्यपूर्वको महत्वबारे पहिलेदेखि नै अमेरिकाले अवधारणा बनाउँदै आएको थियो । तत्कालीन अमेरिकी राष्ट्रपति लआइजनहावरले मध्यपूर्वी क्षेत्र अन्य क्षेत्रभन्दा महत्वपूर्ण छ भनेका थिए । राष्टपति लआइजनहावरले मध्यपूर्वी क्षेत्र अन्य क्षेत्रभन्दा महत्वपूर्ण छ भनेका थिए । राष्ट्रपति रिचर्ड निक्सनले पनि मध्यपूर्वी क्षेत्रलाई सबै शक्ति राष्ट्रहरुको स्वार्थ ठोक्किने क्षेत्र भनेका थिए । ज्वाइन्ट चिफ्स अफ स्टाफका अध्यक्ष जर्ज एस ब्राउनले २० जनवरी १९७७ मा कांग्रेसका रिपोर्ट पेस गर्दै भनेका थिए- मध्यपूर्वी क्षेत्र यस्तो महत्वपूर्ण करिडोर हो जसले पूर्वी गोलार्द्धका तीनवटा महत्वपूर्ण महादेशलाई जोड्छ । तत्कालीन अमेरिकी विदेशमन्त्री हेनरी किसिन्जरले पनि भनेका थिए- मध्यपूर्वी एसिया नीतिको प्रमुख उद्देश्य भनेको सोभियत संघको यस क्षेत्रमा हुन सक्ने भूमिका र प्रभाव रोक्नु नै हो । पश्चिम एसियामा अमेरिकी स्वार्थहरुलाई सैद्धान्तिकरण गरेर यिनै अवधारणलाई आत्मसात गर्दै अमेरिकाले आफ्नो विदेश नीति तय गरेको छ । हतियार बिक्रीका लागि मध्यपूर्व अमेरिकाको खुला बजार भएको छ । अमेरिकी समर्थक पर्सियन मुलुकहरुले अमेरिकी हतियार खरिद गरिरहेका छन् । साउदी अरबले अरबौंको अमेरिकी हतियार खरिद गर्दै सिरियाका विद्रोहीहरुका हातमा पठाइरहेको छ । सन् २०११ मार्चदेखि सिरियामा राष्ट्रपति बसर हल असदलाई हटाउन विद्रोह सुरु भयो । आन्दोलन उठेको १ महिनापछि आन्दोलन गृहयुद्धमा परिणत भयो । जुन गृहयुद्धमा हालसम्म साढे ३ लाख बढीले ज्यान गुमाइसकेका छन् । यसबाट भएको आर्थिक, भौतिक क्षतिको परिकल्पना गर्न सकिँदैन ।

विद्रोहीहरु अमेरिकाको सहयोगमा असद सत्ता ढाल्नतिर लागे भने राष्ट्रपति असद रुसको सहयोगमा विद्रोह दबाउन लागे । जुन युद्ध यतिबेला जटिल र भयानक मोडमा पुगेको छ । सन् १९७१ देखि सत्तामा रहेको बाथ पार्टीको शासनको अन्त्यको माग गर्दै सुरु भएको विद्रोहमा स्लामिक स्टेट आईएस अल नुसराफन्ट र तालिवान जस्ता आतंकवादी संगठन हाबी बन्दै गएका छन् । पछिल्लो समयमा करिब ४ लाख सिरियालीहरुको बसोबास रहेको बुटामा सरकारी सेनाले आफ्नो नियन्त्रणमा लिनका लागि निर्णायक कारबाही थालेपछि युद्धमा देखिएको बर्बरताले विश्वलाई झस्काइरहेको छ । पछिल्ला सात वर्षदेखि युद्धमैदानमा परिणत भएको सिरियामा कुनै त्यस्तो भूभाग छैन जहाँ युद्धले थिलथिलो नबनाएको होस् ।

सन् २०११ को अक्टोबर २० मा सिरियाली नागरिकले त्यहाँका मुख्य सहर होम्स र दमासकसमा ठूलो खुसीयाली मनाए । तर सिरियामा त्यसरी खुसीयाली मनाउन कुनै अवसर भने थिएन । उनीहरूले लिबियामा गद्दाफी शासन अन्त्यको खुसीयाली त्यहाँ मनाएका थिए ।

चार दशक लामो समय लिबियामा शासन गरेका लिबियाका राष्ट्रपति माउमर गद्दाफीलाई लिबियाली विद्रोहीले नै आफ्नै भूमिमा नियन्त्रणमा लिई हत्या गरेका थिए । मध्यपूर्वी राष्ट्रमध्ये सबैभन्दा लामो समय शासन गरेका र तानाशाही प्रवृत्तिका शासक गद्दाफीको हत्यापछि सिरियाली नागरिक



उत्साहित भएका हुन् ।

अरव वसन्त नाम दिइएको मध्यपूर्वी राष्ट्रहरुको आन्दोलन सन् २०१० को अन्त्यतिरिबाट सुरु भएको हो । उक्त आन्दोलन ट्युनिशियाबाट सुरु भयो र लिबिया हुँदै सिरियासम्म फैलियो । लिबियामा अमेरिकी सेनाको प्रवेश भयो र गद्दाफी विरुद्धको विद्रोही समूहलाई सघायो । गद्दाफीले शासन छोडे र लुके । अन्ततः अमेरिकी सेनाको सहयोगमा आफ्नै देशका विद्रोहीले उनीविरुद्धको आन्दोलनकै क्रममा गद्दाफीलाई खोजीखोजी मारे ।

गद्दाफी शासन अन्त्यले आफ्नो देशमा पनि सकारात्मक प्रभाव पार्ने अनुमान सिरियालीले गरेका थिए । त्यसैले उनीहरूले लिबियामाजस्तै नागरिक स्वतन्त्रताको पालो अब सिरियाको भनेर नाराबाजी गरे र एक किसिमको विजय जुलुस नै गरे । लिबियाबाट सुरु भएको तानाशाही शासनको अन्त्य र प्रजातन्त्रको उदयको अभियानले मध्यपूर्वी अरु देशमा पनि प्रत्यक्ष रुपमा प्रभाव पार्ने अनुमान सिरियाली नागरिकको थियो ।

त्यस समयमा सिरियाली नागरिक मात्र नभई विश्वका सञ्चारमाध्यमले पनि यो अड्कल गरेका थिए । गद्दाफीको हत्या भएको भोलिपल्ट अक्टोबर २१ मा विश्वका अखबारका प्रमुख समाचारमा यसपछिको पालो सिरियाको भन्ने अड्कलबाजी पनि लगाइएको थियो । त्यस्तै मध्यपूर्वको आन्दोलनलाई अरब वसन्तको उपमा दिने कतिपय पश्चिमा राजनीतिक विश्लेषकले पनि सिरिया र लिबियाका राजनितिक दमनका प्रकृति एकै खालको भएकोले अबको पालो सिरियाली राष्ट्रपति बसर अल असद भनेर पनि अनुमान गरेका थिए ।

ती सिरियाली अवोध नागरिकले खुसीयाली मनाएको आज छ वर्ष भइसकेको छ । यसबीचमा सिरियामा धेरै पानी बगेको छ, पानीमात्र होइन कि त्यहाँका खोलामा सिरियालीको रगत नै बगेको छ । त्यसैगरी ती पश्चिमा विश्लेषकहरुको अड्कलबाजीको छ वर्षपछि पनि सिरियामा वसन्तको बहार हुन सकेको छैन । यहाँका नागरिकले प्रजातन्त्रको फल चाख्न पाउनु त कता हो कता शान्तिसँग आफ्नै थातथलोमा बस्न समेत पाएका छैनन् । यसबीचमा यहाँका घटीमा पनि साढे चार लाख नागरिकले ज्यान नै गुमाएका छन् । अरु लाखौं लाख घाइते छन् भने दशौं हजार घरबाट लखेटिएर विदेशमा शरणार्थी भएर बाँच्नु परेको छ ।

यतिखेर सिरियामा लाग्छ मानव उत्पत्ति पछिकै सबैभन्दा क्रुर हिंसा जारी छ । सिरियाको गुटा नगरमा रुसी सहयोगको सिरियाली सैनिकले दिनहुँजसो हवाई कारबाही गरिरहेको छ । यसबाट हप्तादिनमै झण्डै ६०० नागरिकको ज्यान गएको छ । त्यसमा पनि १०० जनाभन्दा बढी बालबालिका मारिएका छन् । हप्तादिनमै १०० जनाभन्दा बढी बालबालिका मारिने गरी भएको त्यस हिंसाका लागि सिरिया सरकार नै जिम्मेवार छ । ती बालबालिकाको हत्याको शृंखला सामाजिम सञ्जालमा राखिएको छ र ती दृश्यले यतिखेर संसारकै मन रुवाइरहेको छ ।

यसै कारबाहीको टिप्पणी गर्दै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुथ्रेसले त यसलाई पृथ्वीको नर्कको संज्ञा दिएका छन् । उनले सिरियामा हिंसा रोक्न आग्रह गर्दै गतहप्ता भनेका थिए, 'यो पृथ्वीकै सबैभन्दा ठूलो नर्क हो, यस्तो क्रुरता नरोक्नुको अर्को कुनै विकल्प कसैसँग पनि छैन र हुनुपनि हुँदैन ।'

गतहप्ता रुसको विरोध भए पनि संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले त्यहाँ कम्तीमा ३० दिनका लागि युद्धविराम गर्न प्रस्ताव पारित पनि गरेको थियो । तर त्यसको पालना हुन सकिरहेको छैन । नवदार्शनिक नामक एक अन्तर्राष्ट्रिय अभियानका संस्थापक बर्नार्ड हेन्री लेभी भन्छन्, 'अफगानिस्तानको कुन्दुजमा मेडिसाँ साँ फ्रँतियर्स अस्पतालमा अमेरिकाले गल्ती गरी भएको बम आक्रमणबाट विश्व केही वर्षअघि निकै त्रस्त भएको थियो । अमेरिकी नियन्त्रित क्षेप्यास्त्रको बदलामा क्रेमलिनले निरन्तर रूपमा अनियन्त्रित बम उपयोग गरी हवाई आक्रमण गर्दै गयो भने सिरियामा कतिवटा कुन्दुज उत्पन्न हुनुहुन भन्न गाह्रो छ ।' यो रुसी रणनीतिको एउटा उदाहरण मात्र हो तर यसले रुसी राष्ट्रपति पुटिनले आफ्नो पछिल्लो विदेशमा आक्रमणको योजनालाई कसरी कार्यान्वयन गर्ने छन् भन्ने देखाउँछ ।

बर्नाडको दाबी छ, 'रुसी सैनिक कारबाही हालसम्म सिरियाको हवाई क्षेत्रमा रुसको नियन्त्रणका लागि र उसको स्वार्थको



सुरक्षाका लागि तथा इस्लामिक स्टेटलाई पराजित गर्ने उसको प्रयासलाई बलियो बनाउनका लागि भएको छ भन्ने भ्रममा हामी पर्नुहुन्न ।'

रुसी हवाई आक्रमण बिगतमा पनि इडलिब, होम्स तथा हामास्थित नगरमा लक्षित थियो । रुसी आक्रमणको प्राथमिक उद्देश्य राष्ट्रपति असदको शासनसँग युद्ध गरिरहेका प्रजातान्त्रिक प्रतिपक्षसहितका सबै प्रतिपक्षीलाई कमजोर बनाउनु रहेको छ ।

टर्कीले सिरियामा आफ्ना सेनाले अमेरिकाद्वारा आपूर्ति गरिएका एफ-१६ प्रयोग गर्दै सिरियाली राष्ट्रपति बसर अल असद विरुद्धको आक्रमणलाई तेज पारिरहेको अवस्थामा रसियाले भने सिरियाली राष्ट्रपति असदलाई सघाउँदै आएको अवस्था छ । यतिखेर सिरिया विश्वका शक्ति राष्ट्रहरुको युद्धको खेलमैदान बन्न पुगेको छ । सिरियाको गुटामा यहाँका स्थानीय विद्रोही रहेको भन्दै रुसी सहयोगको सिरियाली सेनाले हानिरहेको छ भने अमेरिकाले त्यहाँ विद्रोही नभएर असदका विपक्षी समूहहरु मात्र रहेको बताउदै आएको छ । अमेरिकी यो धारणामा टर्कीको पनि सहयोग रहेको छ । तर हमला रोकिएको छैन । बम र बारुदको शिकार सर्वसाधारण नागरिक र बालबालिका परेका छन् ।

यसरी हेर्दा लाग्छ यो सात वर्ष पुरानो समस्याको समाधानको भरपर्दो विकल्प अहिले पनि देखिएको छैन । राष्ट्रसंघको आग्रह मात्र आउँछ र त्यो पनि सबै शब्दमा मात्र सीमित छ । अघिल्ला केही वर्षहरुमा वार्ताको अगुवाई गरेका देखिएका अमेरिकी र रुसी नाटक पनि पछिल्लो समयमा बन्द अवस्थामा छन् । सँगै आन्दोलन सुरु भएका मध्यपूर्वी अरु राष्ट्रहरुमा उहिल्यै प्रजातन्त्र आइसक्यो तर सिरियामा भने एकजना व्यक्तिले सत्ता त्याग्न नसक्दाको परिणामले रगतको खोलो बगाइरहँदा पनि जिम्मेवारी लिने कोही भएन । यसरी अवोध नानीबाबुहरु बम र बन्दुकको शिकार भइरहँदा पनि विश्व सहयोगी भन्दा उल्टो रमिते बनिरहेको छ । अहिलेकै अवस्था जारी रहने हो भने यो नरशंहारले अझै कतिलाई शिकार खेल्ने हो भन्ने कुराको कुनै सुनिश्चितता छैन ।

सिरिया युद्धको अन्त्यको उपाय वार्ता नै हुनुपर्छ भन्नेमा विश्व एकमत छ । सर्बियाका तत्कालीन राष्ट्रपति स्लोबोधन मिलासेडिकलाई वार्ताको टेबलमा ल्याउन नाटोले सर्बियाका सैन्यबलमाथि कारबाही गरेको थियो । सन् १९९५ मा बोस्नियाको द्वन्द्वको अन्त्य भएको थियो । सिरियामा युद्धरत अधिकांश विद्रोही हिंसा भड्काउने अतिवादी समूह छन् । हालैमात्र युद्ध छेड्न नसकेर ५५ लाख सिरियाली शरणार्थी मुलुकबाहिर शरण लिन बाध्य भएका र ६० लाखभन्दा बढी पूर्ण रुपमा विस्थापित भइसकेका छन् । टर्की, जोर्डन र लेबनानका सिरियाली शरणार्थीहरुको जीवन त्यत्तिकै त्रासमय छ । उनीहरु अतिवादी संगठनको निशानामा पर्ने खतरा त्यत्तिकै छ । सिरियामा विद्रोहीहरुको आन्दोलन सफल नहुनुका पछाडि विद्रोहीहरु बीचमा विभाजन हुनु हो । सुन्नी र सियालाई लडाएर हतियारको खेती गर्न पल्केका अमेरिका लगायत पश्चिमा शक्ति राष्ट्रहरुलाई सिरियाको आम विनाशले कति पनि पश्चात्ताप भएको छैन ।

वगुटा क्षेत्र नजिकै पुगेका राष्ट्र संघीय सहायताकर्मीले सहायता वितरण गरिरहेका बेला हमला जारी रहेको छ । अधिकारवादीहरुका अनुसार सो हमलामा ६८ जनाको मृत्यु भएको छ । मानव अधिकारका लागि राष्ट्र संघीय उच्चायुक्त जेइड राअड अल हुसेनले गुटामा दशौं हजार नागरिक गत ५ वर्षयता घेराबन्दीमा परेको बताएका छन् । गुटामा पछिल्ला २ सातामा ७६० सर्वसाधारण मारिएका छन् । गुटामा भएको हिंसालाई अहिलेसम्मको ठूलो रक्तपात मानिएको छ । सो कारबाहीको विश्वव्यापी रुपमा निन्दा गरिएको छ । पछिल्लो कारबाहीमा १७० बालबालिका मारिएको मानव अधिकारवादीले जनाएका छन् ।

## रोचक संसार

### विश्वकै धनी जेफ बेजोस

काठमाडौं ।फोर्ब्सले सन २०१८ को अर्वपतिको सूची सार्वजनिक गरेको छ । अर्वपतिको सूचि सार्वजनिक गर्ने पत्रिका फोर्ब्सले सार्वजनिक गरेको सूचिमा विश्वमा २ हजार २ सय ८ जना अर्वपति रहेका छन् ।

यो वर्ष सबैभन्दा धनी व्यक्ति बिल गेट्सलाई पछि पार्दै अमेरिकन अनलाइन सपिङ साइट अमेजनका संस्थापक जेफ बेजोस पहिलो नम्बरमा आएका छन् । सम्पत्ती कमाउने मामलामा उनले रेकर्ड नै राखेका छन् । ११२ अर्व अमेरिकी डलर सम्पत्तीसँगै उनी पहिलो स्थानमा रहेका छन् । फोर्ब्सका अनुसार उनको सम्पत्ती एक वर्षमा ३९ अर्व अमेरिकी डलरले बढेको छ ।

यसैगरी दोस्रो स्थानमा झरेका बिल गेट्ससँग ९० अर्व अमेरिकी डलरबराबरको सम्पत्ती छ । सेयर बजारका बादशाह वारेन बफेट ८४ अर्व अमेरिकी डलर सम्पत्तीसहित तेस्रो स्थानमा रहेका छन् । सामाजिक संजाल फेसबुकका संस्थापक मार्क जुकरवर्ग ७१ अर्व अमेरिकी डलर सम्पत्तीका साथ पाचौं स्थानमा रहेका छन् । अर्वपति अमेरिकी राष्ट्रपति डोनाल्ट ट्रम्पको सम्पत्ती भने यो वर्ष घटेको छ । अघिल्लो पटक ५४४ अर्वपतिको सूचिमा रहेका ट्रम्प यो पटक ७६६ औ सूचिमा रहेका छन् । उनीसँग अहिले ३ अर्व अमेरिकी डलर सम्पत्ती छ ।

### ताली बजाउँदा पानी माथि



यो धर्तीमा अनेक रहस्यमयी ठाउँहरु छन् । त्यस्तै रहस्यमय ठाउँमध्ये एउटा कुण्ड पनि रहेको छ । यसको रहस्य अहिलेसम्म वैज्ञानिकहरुले पनि खुट्याउन सकेका छैनन् ।

भारतको झारखण्डस्थित बोकारो जिल्लामा यो कुण्ड रहेको छ । यो कुण्डको रहस्यमय विशेषता यस्तो छ कि जब तपाइँ यो कुण्डको छेउँमा गएर ताली बजाउनुहुन्छ तब यसको पानी आफै माथि आउँछ । ताली बजाउँदा पानी यसरी माथि उठ्छ कि मानौं भाँडोमा तताएको पानी उम्लिरहेको छ ।

यो कुण्डका अरु विशेषता पनि छन् । यो कुण्डमा चिसोमा तातो र तातोमा चिसो पानी निस्कन्छ । यहाँ नुहाउनाले छालाको रोग हट्ने विश्वास गरिन्छ ।

यो कुण्डमा आएर मागेका वरदान प्राप्त हुने विश्वास पनि गरिन्छ । यो कुण्डको नाम दलाही कुण्ड राखिएको छ । यसबाट निस्किएको पानी गर्गा नदीमा मिल्दछ ।

### आफ्नो दूध बेचेर लाखौं पैसा

यो दुनियामा नबिक्ने कुरा के पो रहेछ र ? साइप्रसकी एकजना महिला बच्चालाई स्तनपान गराउने आफ्नो दुध बेचेरै लखपति बनेकी छिन् ।

राफाएला लाम्प्रोउ नामकी ती महिला आफ्नो दुध बेचेर लाखौं कमाउँछिन् । दुई बच्चाकी आमा लाम्प्रोउको दुध किन्नका लागि युवाहरु मरिमेट्छन् ।

खासगरी बडी बिल्डर हुन चाहने युवाहरुको बीचमा उनको दुधको उच्च माग छ । सात महिना अघि उनले दोश्रो बच्चा जन्माएकी थिइन् । बच्चाले स्तनपान गर्दा समेत आफ्नो वक्षस्थलको दुध चुसेर नसकेपछि उनले आफ्नो दुध कसैलाई दान गर्ने सोँच बनाइन् ।

सुरुमा उनले बच्चालाई स्तनपान गर्नका लागि दुध पर्याप्त नआउने महिलालाई आफ्नो दुध प्रदान गर्न थालिन् । तर उनले दुध दान गरिरहेको कुराको चर्चा चलेपछि पुरुषहरुले उनको दुधको माग गर्न थाले ।

शारीरिक सुगठन अर्थात् बडी बिल्डिंगका पारखी युवाहरु उनको दुध खरीद गरेर सेवन गर्न थाले । लाम्प्रोका अनुसार सुगठित सरीर बनाउन चाहने पुरुषका लागि उनको दुध उत्तम हुन्छ ।

सुरुमा उनले दिनमा २ लिटर आफ्नो दुध बेच्न सुरु गरिन् । एक लिटरको एक सय २५ रुपैयाँ बराबरको मूल्य पर्दथ्यो । अहिलेसम्म उनले ५ सय लिटर दुध बेचिसकेकी छिन् र यसबाट झडै ४५ सय पाउण्ड अर्थात झण्डै साढे ६ लाख रुपैयाँ कमाइसकेकी छिन् । लाप्रउ आफ्नो दुध अनलाइन मार्फत बिक्रि गर्छिन् । उनलाई आफ्नो दुधको व्यापार नशा झैं लागेको छ र यो व्यापार छाड्न चाहन्निन् । उनले आफूले जस्तै दुध बेच्न चाहने महिलाहरुको फेसबुक ग्रूप नै बनाएकी छिन् । आमाहरुको दुधको व्यवसायिक बिक्रि नै सुरु गर्ने योजना उनको छ ।

### एकपटक मात्र नुहाउने महिला

अफ्रिकाको उत्तरपूर्वी नामिबियास्थित कुनेन प्रान्तमा बस्ने हिम्बा जनजातीका महिलाहरु आफ्नो जिवनमा केवल एकपटक मात्र नुहाउँदछन् । त्यो पनि आफ्नो बिहे हुने बेलामा ।

उक्त समुदायका महिलालाई पानीको प्रयोग गर्न निषेध छ । यतिसम्म की उनीहरु लुगा धुन पनि पाउँदैनन् । यहाँका महिलाको सरीरको छालाको रंग पनि रातो हुन्छ । यसको



पछाडि पनि ठूलो कारण छ । हिम्बा जनजातीका महिलाहरु नुहाउनुको साटो विशेष खालका जाडिबुटीहरुलाई पानीमा उमालेर त्यसबाट आउने वाफले आफ्नो सरीरलाई फ्रेस राख्दछन् ताकी सरीरबाट दुर्गन्ध नआओस् । सोही कारणले कहिल्यै ननुहाउँदा पनि उनीहरुको सरीर दुर्गन्धित हुँदैन ।

प्राय जिउ नांगो राख्ने यस समुदयाका महिलाहरु आफ्नो छालालाई घामबाट बचाउनका लागि विशेष खालको लोसन लगाउँदछन् । यो लोसन जनावरको बोसो र हेमाटाइट नामक खनिजको धुलोलाई एकसाथ मिलाएर लेदो बनाई तयार पारिन्छ । हेमाटाइटका कारण छालाको रंग रातो भएको हुन्छ । यो लेपनका कारण उनीहरुको जिउलाई किराहरुले टोक्नबाट जोगाउँदछ ।

शरीरमा रातो रंग लगाउनुको अर्को कारणचाहीँ पुरुषहरुबाट अलग देखिनलाई पनि हो । सोही कारण यो समुदायका महिलालाई रेन म्यान पनि भनिन्छ ।

### काँधमा हेलिकप्टर

मानिसले हेलिकप्टर उडाएको कुरा त कुनै समाचारको विषय बन्ने चिज भएन । तर जब मानिसले हेलिकप्टरलाई



काँधमा बोकिदिन्छ, तब त्यो घटना मूख्य समाचार नै बन्दो रहेछ ।

काँधमै हेलिकप्टर बोक्न सक्ने व्यक्ति फ्रान्ज मुलेनर विश्वका सबैभन्दा बलवान मानिस हुन् । अष्ट्रियाका नागरिक फ्रान्जले आफ्नो काँधले हेलिकप्टर बोकेर गिनिज बुकमा नाम लेखाइसकेका छन् । उनको यो कीर्तिमानलाई चुनौती दिने हिम्मत अहिलेसम्म कसैले पनि गर्न सकेको छैन । फ्रान्जले आफ्नो जिउको वजन भन्दा डेढ गुणा धेरै भार आफ्नो काँधले उठाइदिन सक्दछन् । उनले ६ सय ५० किलो तौल काँधले उठाएर विश्व कीर्तिमान कायम गरेका थिए । उनले ३० सेकेण्डसम्म आफ्नो काँधले हेलिकप्टर उठाएका थिए ।

*अनलाइन खबरबाट*

प्रेरक

## सत्ता र शक्ति



सत्ता र शक्तिका विषयमा महाभारतमा एउटा रोचक प्रसंग छ । सत्ताका लागि अन्धा धृतराष्ट्रले कसरी आफूलाई सर्वशक्तिमान बनाउँछन् उनी आफैं दृष्टान्त बनेका छन् ।

पाण्डवहरू वनबास गएपछि केही समयका लागि हस्तिनापुरको राज्य चलाउने अवसर धृतराष्ट्रले पाएका थिए । हजार हात्ती बराबरको शक्ति पाएर पनि उनी अन्धा थिए । राजा हुनु अघिसम्म यो पदलाई पाण्डवहरूको नासोको रूपमा लिएका थिए । तर जब राजाको श्रीपेच पहिरिए, उनमा अर्कै अनौठो र दम्भी भावना जागृत भयो ।

श्रीपेच लगाएका महाराज गान्धारीतिर फर्किएर अत्यन्तै सुहाएको बेलिविस्तार लाउन थाले । अन्धा धृतराष्ट्रले श्रीपेच सुहाएको गर्व गर्नुको पछाडिको रहस्य हो- सत्ताको सुख । नि:सन्देह राजनीतिको अन्तिम गन्तव्य भनेकै सत्ता हो । पदले मान्छेलाई महान बनाउँछ र नजान्दा कहिल्यै ननिस्कने खाल्डोमा जाक्छ पनि । श्रीपेचले अन्धा धृतराष्ट्रको कलेजो शान्त त बनायो होला तर शक्तिलाई सनक ठान्दा एउटा वंशकै पतन हुन पुग्यो ।

## साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । व्यवसायमा आम्दानी बढ्नेछ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । रमाइलो यात्राका बीच अतिथिका रूपमा सत्कार पाइनेछ । साथीभाइको सहयोगले नयाँ काम सुरु गर्न सकिनेछ । साँझतिर स्वास्थ्य कमजोर हुनाले लक्ष्यमा पुग्न समस्या पर्नेछ ।

### बृष

पुरुषार्थले समाजमा स्थापित बनाउन सक्छ । रोकिएका काम बन्नाले मनग्गे लाभ हुनेछ । चुनौती पन्छाएर काम बनाउन सकिनेछ । प्रतिस्पर्धा, विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ । भविष्यका लागि विशेष काममा जग बसाउने मौका छ । साँझतिर प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । रमाइलो यात्राका बीच अतिथिको रूपमा सत्कार पाइनेछ ।

### मिथुन

परिस्थितिवश चिताएको काम समयमा सम्पादन नहुन सक्छ । कामको मेसो नमिल्दा पनि अलमल हुनेछ । तापनि मिहिनेत गर्दा अध्ययनमा प्रगति हुनेछ । गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ । केही समय प्रतीक्षा गर्नुपरे पनि लगनशीलताले परिस्थितिलाई बदल्न सक्छ । साँझतिर पुरुषार्थी काम सम्पादन गर्न सफल भइनेछ ।

### कर्कट

हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ । बलजफ्ती गर्दा काम बिग्रन सक्छ । स्थायी सम्पत्तिमा पनि विवाद आउन सक्छ । अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला । नयाँ योजना प्रारम्भ गर्न उपयुक्त साइत पर्खनुहोला । साँझदेखि अध्ययनमा ध्यान केन्द्रित नहुने हुँदा गुरुजनको मार्गदर्शन उपयोगी हुन सक्छ ।

### सिंह

दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिलो हुनेछ । लगानी गर्दा व्यवसायमा मनग्गे धनलाभ हुनेछ । मिहिनेतले दिगो फाइदा दिलाउन सक्छ । पहिलेका प्रतिस्पर्धीहरू सहयोगीका रूपमा देखा पर्नेछन् । साँझतिर आफन्तमा वैरभाव बढ्न सक्छ । चिताएका काम समयमा गर्न नसकिएला । आफन्तजनको विश्वास गुम्न सक्छ ।

### कन्या

अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा परिएला । अध्ययन र व्यापारमा सोचेजस्तो प्रगति नहुन सक्छ । नयाँ योजना कार्यान्वयन गर्न निकै मिहिनेत गर्नुपर्ला । आफ्ना कमजोरीमाथि टिप्पणी हुने समय छ, सजग रहनुहोला । तापनि, मौका पर्खंदा स्थितिमा सुधार आउनेछ । साँझतिर रोकिएका काम बन्नेछन् भने उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ ।

### तुला

अवसरले पछ्याए पनि समयमा निर्णय लिन नसक्दा पछि परिनेछ । बेसुरको अलमलले काम रोकिन सक्छ । खानपानको असावधानीले स्वास्थ्य बिग्रनेछ । सरकारी कामकाजमा अलमल हुन सक्छ । शुभचिन्तकहरूको राय लिएर अघि बढ्नुहोला । साँझतिर आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । हातमा आएको रकम अरूका लागि खर्चनुपर्ला ।

### बृश्चिक

समयमा होस नपुग्नाले खर्च बढ्नेछ । ठूलो प्रयत्नले सामान्य उपलब्धि दिलाउनेछ । खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला । शुभचिन्तकहरूलाई बेवास्ता गर्दा दु:ख पाइएला । आफ्नै कमजोरीले साथीभाइमा वादविवाद निम्त्याउन सक्छ । तापनि सद्विचारले अभिप्रेरित हुनेहरूलाई फाइदा हुनेछ । साँझतिर पारिवारिक भेटघाटले खुसियाली छाउनेछ ।

### धनु

अवसर मिले पनि तत्काल फाइदा लिँदा भविष्यमा नोक्सान पर्ला । काम सम्पादन भए पनि तत्काल आम्दानीको आशा नराख्नुहोला । शुभचिन्तकहरूको सुझावलाई बेवास्ता गर्दा दुस्ख पाइनेछ । साँझतिर आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । शुभचिन्तकहरू समेत टाढिएलान् । मिहिनेतको प्रतिफल जोगाउन अलि चनाखो रहनुपर्नेछ ।

### मकर

चिताएको काम छिटै सम्पादन हुनेछ । सहयोगीहरूले हिम्मत दिलाउनेछन् । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ । आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ । दाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक दायित्व बढ्नेछ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ । कीर्तिमानी काम गर्ने समय छ । साँझतिर विशेष धनलाभ हुन सक्छ ।

### कुम्भ

अस्वस्थताले काममा समय दिन नसकिएला । अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन् । तापनि समुदायको हितमा राम्रै काम गर्न सकिनेछ । तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ । साँझतिर दिगो फाइदा हुने जिम्मेवारी प्राप्त हुनेछ । परिश्रमले धेरैको मन जित्न सकिनेछ । गरेका काममा मनग्गे लाभ हुनेछ ।

### मीन

चिताएको काम बिग्रनाले आर्थिक क्रियाकलापमा बाधा पुग्न सक्छ । गोपनीयता बाहिरिनाले लक्ष्यमा पुग्न अप्ठ्यारो पर्नेछ । तापनि रोकिएको काममा दोहोर्याएर प्रयत्न गर्नुहोला । शुभचिन्तकहरूको साथ जुट्नाले पछि फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ । तत्काल उपलब्धि प्राप्त नभए पनि सम्भावना खोजी गर्ने समय छ । साँझतिर केही काम बन्नेछन् ।

## "लिलिबिली" को ट्रेलर

युवा स्टार प्रदीप खड्का अभिनीत फिल्म 'लिलिबिली' को अफिसियल ट्रेलर सार्वजनिक भएको छ । काठमाण्डौंमा पत्रकारहरुलाई देखाएपछि यो फिल्मको ट्रेलर युट्युबबाट सार्वजनिक गरिएको हो ।

२ गीत सार्वजनिक भएसँगै एकाएक चर्चामा आएको यो फिल्मको ट्रेलर धेरैका लागि प्रतिक्षामा थियो । फिल्मको लोकेशन, छायांकन गजबको छ । हजारौ यूवतीको ढुकढुकी बनेका प्रदीपको यो फिल्मको ट्रेलरले उचाई पाउनेमा निर्माणपक्ष ढुक्क छ । निर्माण युनिटले रोमान्स, प्रेम, विछोड र एक्सनका दृश्यहरु समेटेर फिल्मको ट्रेलर ल्याएको हो । प्रदीप र नव(नायिका जसिता गुरुङको प्रेममा अभिनेता अनुप विक्रम शाही भिलेन बनेका छन् ।

ट्रेलरमा अभिनेता सविन श्रेष्ठ र अभिनेत्री प्रियंका कार्कीलाई सस्पेन्स शैलीमा प्रस्तुत गरिएको छ । प्रदीपले बोलेका केही संवाद मन छुने खालका छन् । प्रेमकथामा आधारित एउटा पूर्ण फिल्म हेर्न चाहने दर्शकका लागि निर्देशक मिलन चाम्सले गतिलो प्याकेज लिएर आएको ट्रेलर हेर्दा महशुश गर्न सकिन्छ । कार्यक्रममा प्रदीपले ट्रेलरमा फिल्मको कथा खुलाउन नचाहेको बताए । 'लिलिबिली' स्कटल्याण्डसँगै नेपाल, लन्डन र टर्कीको स्थानबुलमा छायांकन गरिएको हो । युथ जेनेरेसन लभस्टोरी भनिएको फिल्म रेगुलर लभस्टोरी जस्तो पनि नभएको निर्देशक चाम्स बताउँछन् ।

## "मह शत्रु गते यात्रा" सुरू

'रुपै मोहनी र 'पिरतीको बर्को' बोलको गीतसँगै कमेडी ट्रेलरका कारण चर्चामा रहेको प्रतिक्षीत फिल्म 'शत्रु गते' ले मोफसल प्रचार यात्रा सुरु गरेको छ । मोफसलका दर्शक तथा सञ्चारकर्मीसँग भेटघाट गर्ने उद्देश्यले फिल्मको मोफसल टुर आरम्भ गरिएको हो ।

टुरलाई रुस्लान भोड्काले सहयोग गरेको छ । 'रुस्लान मह शत्रु गते यात्रा २०७४' नाम दिइएको यस यात्रामा कलाकार हरिवंश आचार्य, किरण केसी, शिवहरी पौडेल, पल शाह, आँचल शर्मा र जुनु रिजाल काफ्ले रहेका छन् ।

टुरमा स्थानीय दर्शकलाई विभिन्न प्रस्तुति समेत पस्किने छन् । टुर २३ गते देखि ३० गतेसम्म चल्नेछ । टुर २३ गते हेटौंडा, २४ गते नारायणगढ, २५ गते बुटवल, २६ गते पोखरा, २८ गते बिर्तामोड, २९ गते दमक र ३० गते इटहरीमा हुनेछ । चैत ९ गतेबाट देशव्यापी प्रदर्शनमा आउन लागेको यस फिल्मलाई मह सञ्चारको ब्यानरमा निर्माण गरिएको छ भने यसका प्रस्तुतकर्ता किरण केसी हुन् । फिल्ममा हरिवंश आचार्यको कथा रहेको छ ।

पटकथालाई निर्देशक प्रदीप भट्टराई र दीपकराज गिरी तथा संवाद भने निर्देशक भट्टराईले कथाकार हरिवंश आचार्यसँग मिलेर तयार गरेका हुन् । यसमा छायांकन दिर्घ गुरुङको रहेको छ भने सम्पादन मित्र गुरुङले गरेका हुन् । यसमा दीपकराज गिरी, दीपाश्री निरौला, नरेन्द्र कंसाकार, शिवहरी पौडेल, यसोधा श्रेष्ठ र रमिला आचार्य निर्माता रहेका छन् ।

फिल्ममा दीपकराज गिरी, दीपाश्री निरौला, प्रियंका कार्की, राजाराम पौडेल, मदनकृष्ण श्रेष्ठ, बसुन्धरा भुषाल, रमेश रञ्जनलगायतका कलाकारको पनि प्रमुख भूमिका छ । मल्टिस्टार कलाकार भएका कारण यो फिल्म हिट हुने अड्कल काटिएको छ ।

## नेपाली फिल्मको ५० वर्ष पूरा

नेपाल चलचित्र विकास बोर्डले पुराना नेपाली फिल्मलाई संरक्षण र सुरक्षित गर्ने उद्देश्यले डिजिटाइजेशन तथा रेष्टोरेशन गर्ने भएको छ । बोर्डको २०७४ पुस २४ गते अध्यक्ष निकिता पौडेलको अध्यक्षतामा बसेको बैठकले यस्तो योजनाको निर्णय गरेको हो ।

निर्णयले 'आमा' सहित १२ वटा नेपाली फिल्मलाई पहिलो चरणमा डिजिटाइजेशन गर्न लागेको हो । पुराना रिल प्रविधिबाट बनेका फिल्महरू खुइलेर तथा नष्ट भएर जानसक्ने भएकोले त्यसलाई नयाँ डिजिटल प्रविधिमा रूपान्तर गरी संरक्षण गर्न लागिएको अध्यक्ष निकिताले जानकारी दिइन् ।

पुराना फिल्मलाई डिजिटाइजेशनको प्रक्रियामा लैजान विकास बोर्डले यसअघि नै एउटा समिति बनाएको थियो । समितिले पुराना फिल्महरुलाई क्रमश: डिजिटाइजेशन प्रक्रियामा लैजान सिफारिस गरेको छ । डिजिटाइजेशन भएपछि सबै १६ एम.एम. र ३५ एम.एम.का फिल्महरु अब २ के. र ४ के. फर्म्याटमा हेर्न सकिनेछ । आगामी असार १६ गते चलचित्र विकास बोर्डको वार्षिकोत्सवमा नेपाली फिल्मको निर्माण, उत्पादन शुरु भएको ५० वर्ष नाघेको स्वर्णकालको उपलक्ष्यमा सप्ताव्यापी रूपमा ती फिल्महरूलाई फिल्म फेस्टिवलको रूपमा प्रदर्शनीसमेत गर्ने तयारी बोर्डले गरेको छ । पुराना फिल्मलाई डिजिटाइजेशन गरी एकसातासम्म प्रदर्शन गर्न लागिएको अध्यक्ष निकिता पौडेलले बताइन् ।

## जितुले छोडे जिरे खुर्सानी

नेपाल टेलिभिजनबाट प्रशारण हुने लोकप्रिय हास्यटेलिश्रृंखला जिरे खुर्सानीबाट यसका 'मास्टरमाइन्ड' जितु नेपाल अलग भएका छन् । उनी यस टेलिश्रृंखलाका निर्देशक, लेखक तथा प्रमुख कलाकार थिए । आर्थिक तथा अन्य कारणले काम गर्ने वातावरण नभएपछि छोडेको उनले बताए ।

मिडिया हबले समयमा पैसा दिन नसकेर विगतमा पनि लामो समय जिरे खुर्सानी बन्द भएको थियो । तर, पुरानो पैसा चुक्ता गर्ने र अब पैसाको समस्या आउन नदिने भनेर आश्वासन पाएपछि २५ हप्ता अगाडिदेखि जितुले जिरे खुर्सानीलाई पुन अघि बढाएका थिए । जितुले छोडे पनि मिडिया हबले कार्यक्रमलाई निरन्तरता दिने छ । पहिले सहायक निर्देशकको रुपमा रहेका निरज नेपालले यसको निर्देशन गर्नेछन् । आगामी हप्ताबाट 'निर्देशन सल्लाहकार' भनेर जितुको नाम आउनेछ । तर, उनले काम गर्न छोडिसकेका छन् । जितुले मिडिया हबसँग जिरे खुर्सानी निर्माणका लागि आगामी असारसम्मको सम्झौता गरेका थिए । सोही सम्झौता बमोजिम उनको नाम असारसम्म आउने भएको हो ।

*(एजेन्सीहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Mendacious = झूटो बोल्ने, बेइमान As I found him mendacious, I left his company (जब मैले ऊ बेइमान रहेछ भन्ने कुरा पत्ता पाएँ, मैले उसको संगत छाडिदिएँ)

Nexus = पारस्परिक सम्बन्ध Similar political ambition is the basis of the nexus between them (समान राजनीतिक आस्था नै ती दुईबीचको पारस्परिक सम्बन्धको आधार हो)

Onerous = बोझिलो, एक्लैले धान्न नसकिने For being her job onerous, she asked for an assistant (काम एक्लैले धान्न नसकिने भएकोले उनले एक सहायक माग गरिन्)

Penury = कतारो थापी हिँड्नुपर्ने स्थिति If he does not start saving now, I fear he would end his day in penury (अहिलेदेखि नै उसले बचत गर्न सुरु नगर्ने हो भने मर्ने बेलामा कतारो थापी हिँड्नुपर्ने छ)

Quirk = अपरझट आएको मोड वा परिवर्तन A quirk of fate made a poor like him an affluent within a year (भाग्य बदलिँदा ऊ जस्तो गरिब पनि एकै वर्षमा सम्पन्न हुन पुग्यो)

Recondite = गोप्य र महत्वपूर्ण This book is the product of his recondite study (यो किताब उसको गहन र महत्वपूर्ण अध्ययनको उपज हो)

Scavenge= उपयोगी मालसमान बनाउने उद्देश्यले थोत्रा काम नलाग्ने बस्तु खोजी हिँड्ने In developing countries, the children are deployed to scavenge the plastic from containers (विकाशोन्मुख देशहरूमा फोहोरको डुंगुरमा फालेका प्लाष्टिक बटुल्ने काममा बालबालिकालाई लगाइन्छ)

Tortuous= घुमाउरो Tribhuvan highway is so tortuous that no can drive more than thirty kilometers an hour (त्रिभुवन राजमार्ग यति घुमाउरो छ कि कसैले पनि घन्टाको तीस किलोमिटरभन्दा बढीमा हाँक्न सक्दैन)

Upshot = परिणाम The upshot of his physical performance proves that he is not less than any one of twenty four (उसको शारीरिक कामको परिणामले के प्रमाणित गर्छ भने ऊ कुनै चौबीस वर्षीय युवकभन्दा कमको छैन)

Vacuous = खोक्रो वा रित्तो वा मूर्ख A vacuous expression can not attract the public (खोक्रो अभिव्यक्तिले सर्वसाधारण जनतालाई आकर्षण गर्न सक्तैन)

## नेपालमा कसले के बनाए ?

| | |
|---|---|
| नौबहाल र हेमाकर्ण (स्वर्णवर्ण) विहार | ● भाष्करदेव बर्मा |
| टेकुको भीम भुक्तेश्वर मन्दिर | ● माथवरसिंह थापा |
| तलेजुको ठूलो घन्टा | ● रणबहादुर शाह (वि.सं.१८५४) |
| ठूला दुई नगरा | ● गीर्वाणयुद्धविक्रम शाह -वि.सं.१८६४) |
| हनुमानढोका अगाडिको सुनको ढोका | ● गीर्वाणयुद्ध (वि.सं.१८६८) |
| हनुमानढोका दरबार | ● प्रताप मल्ल |
| हनुमानढोका गद्दी बैठक | ● चन्द्रशमशेर |
| त्रिपुरेश्वरको सत्यनारायण मन्दिर | ● जुद्धशमशेर राणा |
| जानकी मन्दिर अर्थात् नौलखा मन्दिर | ● वृषाभानुदेवी |
| रोपले निर्माण | ● चन्द्रशमशेर |
| नेपाल जनकपुर-जयनगर रेलवे | ● जुद्धशमशेर |
| वीर अस्पताल | ● वीरशमशेर |
| आदिनाथ मन्दिर | ● अंशु बर्मा |
| पशुपतिनाथलाई सुवर्णमय बनाउने | ● भाष्कर बर्मा |
| मरूटोलको गरूडको मूर्ति | ● भूपालेन्द्र मल्ल |
| दार्जिलिङ धीरधामको निर्माण | ● जुद्धशमशेर |
| पशुपति कौटलिंग र हनुमानढोकाको पञ्चमुख हनुमानको मन्दिर | ● प्रताप मल्ल |
| बराह, कुमारी र वैष्णवीको मन्दि | ● भूपतीन्द्र मल्ल |
| सिद्धिविनायकको स्थापना | ● सिद्धिनरसिंह मल्ल |
| ललितपुर कुम्भेश्वरको मन्दिर | ● जयस्थिति मल्ल |
| पशुपति नजिक लवकुश मूर्ति स्थापना | ● जयस्थिति मल्ल |

## Look बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Look forward to = प्रतिक्षामा रहनु We are looking forward to meeting you as soon as possible हामी सकेसम्म चाँडो तिमीसँग भेट्ने प्रतिक्षामा छौं ।

Look in on = मौका पाउनु She talks so much that we never have a look in on the discussion तिनी मात्रै आफैं यति कुरा गर्छिन् कि हामीले छलफलमा आफ्नो कुरा राख्ने मौका नै पाउँदैनौ ।

Look into = अनुसन्धान गर्नु । जाँचबुझ गर्नु A commission has been formed to look into the matter = त्यस विषयमा अनुसन्धान गर्न एक आयोग गठन भएको छ ।

Look on = झ्वाट्ट देख्नु I looked on him as I was passing through the corridor करिडर भएर जाँदा मैले उनलाई झवाट्ट देखें ।

Looked on as = ठानिनु । मानिनु He is looked on as authority on the subject उसलाई आफ्नो विषयको ज्ञाता नै मानिन्छ ।

Look oneself = सधैको जस्तो देखिनु You are not looking yourself today तिमी त आज सधैंको जस्तो देखिदैनौ ।

Look out = होसियारी हुनु Look out ! There is a car coming toward you होस गर तिमीतिर कार आइरहेको छ ।

## सुडोकु-अंक ९३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ४ | | २ | ३ | | १ |
| | | | ५ | | | | ७ | |
| | ६ | | १ | | | ४ | | २ |
| ७ | | | | | | ८ | २ | |
| | | | | ९ | | | | |
| | ९ | ८ | | | | | | ५ |
| ६ | | २ | | | ७ | | ८ | |
| | १ | | | | ४ | | | |
| ९ | | ३ | ८ | | ५ | | | |

## अंक ९२ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ४ | ७ | ८ | ५ | १ | ६ | २ | ३ |
| १ | २ | ५ | ९ | ३ | ६ | ४ | ८ | ७ |
| ६ | ८ | ३ | २ | ४ | ७ | ९ | १ | ५ |
| ४ | १ | २ | ७ | ९ | ५ | ३ | ६ | ८ |
| ८ | ३ | ९ | ६ | १ | २ | ५ | ७ | ४ |
| ५ | ७ | ६ | ३ | ८ | ४ | २ | ९ | १ |
| ३ | ५ | ८ | १ | ६ | ९ | ७ | ४ | २ |
| ७ | ९ | १ | ४ | २ | ३ | ८ | ५ | ६ |
| २ | ६ | ४ | ५ | ७ | ८ | १ | ३ | ९ |

# बाल विकास समाजका विविध कार्यक्रमका झलक


















## बालबालिकाहरूका लागि दिवा खाजा कार्यक्रम

बाल विकास समाजले आफ्नो स्थापना काल देखिनै श्रमिक, सुविधाविहीन तथा जोखिममा रहेका नेपाली बालबालिकाहरूको क्षेत्रमा काम गर्दै आइरहेको छ । न्यूनआर्थिक स्थिती भएका, पिछडिएका समुदाय, दैनिक ज्यालादारीमा काम गर्ने, विपन्न वर्गका, श्रम क्षेत्रमा काम गर्ने अभिभावकका बालबालिकाको बालअधिकार र बाल विकासको प्रत्याभूति दिलाउने, बालश्रम न्युनिकरण गर्ने, उचित लालन–पालन तथा स्याहार सुसार बारे बाबुआमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक आमा बाबुहरूलाई बच्चा बोकेर काम गर्नु पर्ने बाध्यता तथा दाइ दिदीले भाइ बहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुऱ्याउने अवधारणा अनुसार यस समाजले दिवाशिशु स्याहार कार्यक्रम गर्दै आइरहेको छ ।

बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने उद्देश्यले संचालन गर्दै आइरहेको यस कार्यक्रम हाल धादिङ र काठमाण्डौमा गरी २ वटा जिल्लामा संचालित छन् । साथै उक्त केन्द्रमा आउने बालबालिकाको लागि संस्थाले खाजाको व्यबस्था गरेको छ । बालबालिकालाई खाजा तालिका अनुसार दैनिक फरक फरक खाजा खुवाउने गरिन्छ । बालबालिकालाई खाजा खुवाउन दातृ संस्था वा अरू कसैको पनि भर पर्न नपरोस् वा दातृ संस्थाले सहयोग नगरेको अवस्थामा पनि केन्द्रमा आउने बालबालिकाले खाजा खानबाट बञ्चित हुन नपरोस् भन्नका खातिर खाजा कार्यक्रमलाई"बालबालिकासंग खाजा खाऔ कम्तिमा एक दिन सामाजिक उत्तरदायित्व वहन गरौ" भन्ने नाराका साथ अभियानको रूपमा संचालन गरिएको छ ।

हाल यस अभियानमा बाल विकास समाजका बोर्डका सदस्यहरू, बाल विकास समाजका कर्मचारीहरू, अन्य संघ संस्था तथा समाज सेवीहरूको सहभागीता रहेको छ । विषेशगरी आफना आफन्त, आमा, वुवाहरूको तिथी श्राद्ध, कुनै पनि किसिमको खुशीयालीको अवसर जन्मदिनको अवसर पारेर केन्द्रमा रहेका बालबालिकालाई खाजा खुवाउने गरिन्छ ।

यसै क्रममा समाजसेवी मिना रेग्मीज्युले आफ्नो स्व.छोरीको जन्म दिन, संस्थाका आजिवन सदस्य माधव प्रसाद उपाध्यायले नातिको जन्म दिन, संस्थाका वरिष्ठ प्रशासन तथा वित्तिय व्यवस्थापक रामशरण रिमालले आफ्ना पिताको तिथीको दिन त्यसैगरी समाजसेवी वासुदेव ढकालले आफ्नो जन्म दिनको अवसर पारेर खाजा खुवाउनु भएको छ । यसैगरी संस्थाका सल्लाहकार शरद शर्माले पनि बालबालिकाहरूलाई खाजा खुवाउनु भएको थियो । उहाँहरू सबैले खाजाका लागि आवश्य रकम संस्थालाई हस्तान्तरण समेत गर्नु भएको छ । उहाँहरूले बालबालिकाहरूलाई खाजा खुवाउने कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिने प्रतिवद्धता समेत व्यक्त गर्नु भएको छ ।

## मासिक श्राव स्वच्छताको विषयमा अभिमुखीकरण

बाल विकास समाजले स्वास्थ्य कार्यक्रम अन्तर्गत यस बुढानीलकण्ठ नगरपालिका क्षेत्र आसपास तथा अन्य क्षेत्रमा बसोबास गर्ने ज्यालामजदुरी गरी जिविकोपार्जन गर्ने आमा उनीहरूका बालबच्चाहरूका लागि विभिन्न सेवाहरू दिइ रहेको छ । संस्थाले हप्ताको एक दिन विशेषज्ञ डाक्टरमार्फत निशुल्क स्वास्थ्य परीक्षण गरी औषधी समेत उपलब्ध गराइरहेको छ । यसैगरी संस्थाले दिवा शिशु स्याहार केन्द्रमा रहेका बालबालिकाहरूका आमाहरूलाई परिवार नियोजन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सन्चालन गरेको हो । यसैगरी ११ देखि १६ वर्षका ३६ जना बालिकाहरूका लागि अभिमुखीकरण सञ्चालन गरिएको हो ।

अभिमुखीकरण कार्यक्रमको सहजिकरण सामुदायिक स्वास्थ्य नर्स तथा बाल विकास समाजका स्वास्थ्य इन्चार्ज राधिका श्रेष्ठले गर्नु भएको थियो । सोही कार्यमा संस्थाका स्वयमसेवकहरूले सहयोग गर्नु भएको थियो । छलफलमा महिलाहरूले महिनावारी हुने समयमा कसरी आफ्नो स्वच्छता कायम राख्ने र के कस्ता मानसिक परिवर्तन आउनु सामान्य हो भन्ने कुराको बारेमा अभिमुखीकरण गरिएको थियो ।

यसका साथसाथै महिनावारी भएको समयमा कस्तो सामग्रीको प्रयोग गर्ने भन्ने कुराको बारेमा पनि छलफल गराइएको थियो । उक्त कार्यक्रममा बालकुमारी आधारभूत विद्यालयका बालिकाहरूको सहभागिता रहेको थियो । यस कार्यक्रमले हामीलाई महिनावारी भएको समयमा कसरी सरसफाई गर्ने र कस्तो सामग्री प्रयोग गर्ने भन्ने विषयमा थप जानकारी भएको कुरा बताएका थिए । यस आसपासका अन्य सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालिकाहरूका लागि पनि यस किसिमको छलफल कार्यक्रम सञ्चालन गर्ने योजना रहेको कुरा संस्थाका स्वास्थ्य इन्चार्ज राधिका श्रेष्ठले बताउनु भएको थियो ।

## चौथो चरणको क्षमता अभिवृद्धि तालिम

बाल विकास समाजले विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरावस्थाका विद्यार्थीहरूका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी उनीहरूलाई जोखिम पूर्ण व्यावहारबाट संरक्षण हुन सहयोग पुऱ्याउँदै आइरहेको छ । बाल अधिकार, बाल दुर्व्यवहार, बाल यौन दुर्व्यवहार, एच. आइ. भी. एड्स बाल हिंसा तथा महिला हिंसा, गलत साथीबाट जोगिने उपाय, कुलतबाट बच्ने उपाय, जीवन उपयोगी सीप लगायतका विषयमा हरेक महिनाको प्रत्येक शनिबार यस संस्थाको केन्द्रीय कार्यालय कपनमा तालिम सञ्चालन संस्थाको आयोजनामा भइरहेको छ ।

तालिममा ११ देखि १९ वर्षसम्मका विद्यार्थीहरू सहभागी हुने गर्दछन् । यसैगरी ग्राम शिक्षा मन्दिर उच्च माद्यामिक विद्यालयका २४ जना ११ वर्षदेखि १९ वर्षसम्मका किशोरकिशोरीहरूका लागि क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको हो ।

उक्त तालिम सञ्चालनका लागि लाग्ने खर्चको ५० प्रतिशत लागत रकम सुरेन्द्र ढकाल प्रतिष्ठानले सहयोग गरेको हो । सुरेन्द्र ढकाल प्रतिष्ठानको आर्थिक सहयोग तथा बाल विकास समाजको आयोजनामा जीवनोपयोगी सम्बन्धमा तालिम सञ्चालन गरिएको हो । तालिम जम्मा १२ हप्तासम्म नियमित रूपमा चल्नेछ । तालिममा जीवन उपयोगी सीपका फरक फरक विषयका बारेमा हरेक हप्ता सञ्चालन गरिन्छ ।

तालिममा तालिममा विद्यार्थीहरूले सक्रिय रूपमा सहभागिता जनाएका थिए । यस किसिमको तालिमबाट धेरै कुराको ज्ञान हासिल गर्ने मौका पाइने हुनाले यस तालिममा नियमित रूपमा सहभागी हुने कुरा विद्यार्थीहरूले बताएका थिए । तालिमबाट विभिन्न अप्ठयारो परिस्थतिबाट जोगिने उपाय सिक्दै बाल दुर्व्यवहारको विरूद्धमा उजुरी गर्ने तरिकाको समेत ज्ञान हासिल हुने हुनाले हामी किशोरावस्थाका विद्यार्थीहरूका लागि एकदमै उपयोगी हुने कुरा सहभागीहरूले बताएका थिए ।

दौतरीको माध्यमबाट बालबालिकाहरूलाई चेतनशिल बनाउने राम्रो कार्यको रूपमा यस तालिमलाई हेरिएको छ । यो क्षमता अभिवृद्धि तालिम प्रभावकारी रूपमा सञ्चालन भएको अवस्थामा पक्कै पनि सामुदायिक विद्यालयका बालबालिकाहरूलाई विभिन्न समस्याबाट जोगिनका निम्ति सहज हुने देखिन्छ । बाल विकास समाजको आन्तरिक स्रोतबाट सञ्चालित यो कार्यक्रमलाई यो वर्ष सुरेन्द्र ढकाल प्रतिष्ठानले सहयोग गरेको हो । संस्थाका तालिम अधिकृतको सहजीकरणमा सञ्चालित तालिम अहिले चौथो हप्ता सम्पन्न भएको छ ।

**प्रस्तुति : गोविन्द वि. क.**

## नेपालको राज्यक्षेत्र...

भारतीय पक्ष आफ्ना नागरिकलाई यस्तो सुविधा दिन दबाब दिँदै आएको छ । तर नेपालले भने भारतीय नागरिकलाई खासै प्राथमिकता दिने गरेको छैन ।

धारा ७ मा नेपाल सरकार र भारत सरकारले आफ्नो राज्य क्षेत्रमा रहेका अर्को मुलुकका रैतीलाई निवास, सम्पत्तिको भोग, व्यापार, वाणिज्यमा भाग लिन चलफिल गर्न र अरु त्यस्तै प्रकारका विशेषाधिकारका विषयमा पारस्परिक तौरले समान विशेषाधिकार लिनलाई कबुल गर्छन् भन्ने उल्लेख छ। एक अर्का देशका नागरिकलाई आआफ्नो भूभागमा बसोबास तथा सम्पत्तिको भोगचलन गर्ने, उद्योग र व्यापारिक कारोबारमा भाग लिने, डुलफिल गर्ने कुरामा समान आधारमा विशेषाधिकार प्रदान गर्ने भनिए पनि भारतीय नागरिकता भएकाले नेपालमा जग्गा किनबेच गर्न पाउँदैनन् । भारतमा भने नेपालीले जग्गा घर किनबेच गर्न पाउँछन् । दुई देशका जनता पारस्परिक आधारमा एक अर्को देशमा समान तरिकाले आवतजागत गर्ने अधिकार रहनेछ भन्ने कुरामा भारतले सन्धिको भावनाविपरीत अनौपचारिक रुपले वैकल्पिक व्यवस्था लागू गर्दै आएको छ । भारतले कतिपय सीमा नाकामा स्वविवेकीय व्यवस्था अपनाउँदै आएको छ। भारतीय सीमा सुरक्षा बल एसएसबीले मनपरी ढंगले नियन्त्रित सीमा पद्धति अवलम्बन गर्दै आएको छ । सीमा नाकामा बन्देज लगाउने, नेपालभित्रै पसेर ज्यादती गर्ने, नेपाली नागरिकलाई गिरफ्तार गर्ने, गोली हान्ने हर्कतहरु एसएसबीले गर्दै आएको छ ।

धारा ८ मा भनिएको छ- 'जहाँतक यहाँ जिकिर गरिएका कुराहरुको सम्पर्क छ ती सबैमा यो सन्धिपत्रले भारतको तर्फबाट ब्रिटिस सरकार र नेपाल सरकारका बीचमा भएका अघिका सब सन्धिपत्र, स्वीकारपत्र र कबुलियतनामाहरुलाई खारेज गर्छ। यो धारालाई भारतले कार्यान्वयनमा ल्याएको छैन । सन् १९५० को सन्धिअघिका कुनै पनि सन्धि खारेज गरिएका छैनन् । नेपालको राज्यक्षेत्रको चर्चा गर्दा सन् १८१६ को सुगौली सन्धिलाई बिर्सन मिल्दैन । सुगौली सन्धिपूर्व नेपालको सीमा टिस्टादेखि सतलजसम्म थियो। सोही सन्धिअनुसार टिस्टा र मेचीबीचको भूभाग तथा महाकाली र सतलजबीचको भूभाग ब्रिटिस उपनिवेशबाट दार्जिलिङ, कुमाउ र गढवाल जुन हडपिएका थिए धारा १ ले नै मुक्त गरेको छ र पुनः नेपालको राज्यक्षेत्रभित्र समाहित भएका छन् । नेपालको राज्यक्षेत्र टिस्टादेखि सतलजसम्म नै हो भन्ने पुष्टि भारतीय संविधानका कतिपय धाराले समेत गर्छन् । भारत अधिनस्थ नेपाली भूभाग दार्जिलिङ, कुमाउ र गढवाललाई भारतले आफ्नो संविधानको धारा १ (३) (ग) अनुसार भारतमा अन्तर्मुक्त गर्न सकेको छैन । धारा २६० र २५३ अनुसार यी भूभाग भारतमा समाविष्ट गराइएका छैनन् । नेपाल र भारतबीच १९५० जुलाई ३१ मा शान्ति तथा मैत्री सन्धि हुँदा भारतमा उसको संविधान लागू भइसकेको थियो । सन् १९४९ जनवरी २६ मा भारतका प्रथम राष्ट्रपति डा. राजेन्द्रप्रसादले हस्ताक्षर गरी भारतीय संविधान जारी गरेका थिए ।

१९५० को सन्धिको धारा ८ मा जे भनिएको छ त्यसको सम्बन्ध पहिलो धारासँग छ। १९२३ को नेपाल ब्रिटेन शान्ति सन्धि, १९४७ को त्रिपक्षीय सन्धिलाई सन् १९५० को सन्धिले खारेज गरे पनि ती ज्युँदै छन् । यदि यो सन्धि पूर्ण कार्यान्वयन गरिएको भए नेपालको राज्यक्षेत्र मेची र महाकालीमा खुम्चिने थिएन । नेपालको राज्यक्षेत्रका सम्बन्धमा ब्रिटिससँग गरेका सबै सन्धिलाई धारा ८ ले खारेज गरिसकेपछि सुगौली सन्धि पनि स्वतः रद्द हुन्छ । धारा १ मा एक अर्काको राज्यक्षेत्रको अक्षुण्णतालाई स्वीकार गरेर आठौं धारामार्फत ब्रिटिससँग गरिएको नेपालको राज्यक्षेत्रसँग सम्बन्धित सन्धि अमान्य गरेपछि नेपालको सीमा १९५० को सन्धिअनुसार सुगौली सन्धिपूर्व जति थियो त्यति नै कायम हुनुपर्ने हो । तर भारतले १९५० को सन्धिको धारा १ र आठलाई कहिल्यै व्यवहारमा उतारेन बरु नेपालको राष्ट्रिय अखण्डतामाथि हस्तक्षेपका दुर्व्यवहार गर्दै आएको छ ।

सन् १९५० को सन्धिसँगै गोप्य पत्राचार समेत रहस्य सन् १९५९ डिसेम्बर ३ मा तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुले दिल्लीमा एक पत्रकार सम्मेलनमा खोलेका थिए। १९५९ नोभेम्बर २७ मा नेहरुले नेपालमाथिको हमलालाई भारतले आफूमाथिको हमला सम्झनेछ, त्यस्तो परिस्थितिमा तुरुन्त भारतले मद्दत गर्नेछ भनेर नेहरुले बोलेका थिए। नेपालका तात्कालिक प्रधानमन्त्री बीपी कोइरालाले नेपालले सहायता नमागी भारतले त्यसो गर्न नसक्ने जब प्रतिक्रिया दिए नेहरुले १९५० को सन्धिसम्बन्धी गोप्य पत्राचार छरपस्ट गरेर बीपीलाई विस्मयकित बनाइदिएका थिए । गोप्य पत्राचारका बुँदाहरुमा विदेशी हमला भएमा दुवै देश मिलेर प्रतिरोध गर्ने, हातहतियार खरखजाना र युद्धजन्य सामग्री नेपालले भारतको स्वीकृतिमा मात्र ल्याउने, प्राकृतिक स्रोतको विकास औद्योगिक परियोजनामा भारतीय सरकार वा नागरिकलाई प्राथमिकता दिइनुपर्ने उल्लेख छन् । गोप्य पत्राचारका सबै बुँदाहरुले नेपालमाथि भारतले अत्याचार गर्ने नै उल्लेख छ । नेपालको हात तल नपर्ने गरी भारतसँग १९५० को सन्धि पुनरावलोकन असमान धारा र गोप्य पत्राचार खारेज गर्न जरुरी छ ।

## पत्रकार...

थिए । बैठकले महासंघभित्र सदस्यता शुद्धिकरणको अभियानलाई प्रभावकारी रुपमा अघि बढाउने भएको छ । पत्रकारको पेशागत सुरक्षा, पत्रकार आचारसंहिता, सम्पादकीय स्वतन्त्रताप्रति बैठकले पूर्ण प्रतिबद्धता व्यक्त गरेको छ । सरकारले श्रमजीवी पत्रकार ऐन पूर्ण रुपमा कार्यान्वयन गराउन देखाएको उदासीनताप्रति गम्भीर आपत्ति जनाउँदै यसलाई तत्काल कार्यान्वयन गराउन माग गरेको छ । कार्यान्वयन नभएमा महासंघले सशक्त रुपमा आन्दोलन गरी चार महिनाभित्रमा कार्यान्वयन गराउने निर्णय बैठकले गरेको छ । यसैगरी महासंघले वैशाख २२ गते सबै प्रदेशमा प्रादेशिक निर्वाचन सम्पन्न गराउने निर्णय गरेको छ ।

## निजामती...

नयाँ ढाँचाबमोजिम स्थानीय तह र प्रदेशमा सरुवा गरेका कर्मचारी काममा जान अटेर गरेर अनुशासनहीनताको पराकाष्ठ प्रस्तुत गरेपछि कर्मचारी ट्रेड युनियनका विरुद्ध दुई जना अधिवक्ता न्यायालयको ढोका ढक्ढक्याउन पुगे ।अधिवक्ताद्वय पशुपतिनाथ बाँस्तोला र रामशरण घिमिरेले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, कानुन, न्याय तथा संसदीयढ मामिला मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयलाई विपक्षी बनाई फागुन ९ गते दर्ता गरेको रिटमा सर्वोच्च अदालतले निजामती सेवामा ट्रेड युनियन राख्नुको कारण सरकारसँग माग गरेको छ ।

प्रधानन्यायाधीश गोपाल पराजुली, न्यायाधीशहरु चोलेन्द्र शमशेर जबरा, दीपककुमार कार्कीको इजलासले सरकारलाई ट्रेड युनियन राख्नको लिखित जवाफ पेस गर्न आदेश दिएको छ। सरकारले १५ दिनभित्र अदालतमा जवाफ पेस गर्नुपर्नेछ। कर्मचारीले निजामती ऐन तथा नियमावलीले दिएको सुविधाबाहेक ट्रेड युनियनका नाममा अनावश्यक सौदाबाजी गरेको निवेदनमा उल्लेख गरिएको छ ।

## किर्ते...

मलाई मार्ने धम्की दिइन्, सुरक्षा पाउ भन्दै जिल्ला प्रशासन कार्यालय काभ्रे धुलिखेलमा दिएको निवेदनको आधारमा जिल्ला प्रशासन कार्यालयले मीना रेग्मीलाई बोलाई अनैतिक र अमानवीय ढंगबाट बयान लिएको र विना औपचारिक पत्र तारिखमा छाडेको थाहा हुन आएको छ । हिजो राजतन्त्र हुँदा राजाका छोरालाई जे कुरा गर्न पनि छुट भनेझैँ के प्रजातन्त्रकाल एमालेका नेता कार्यकर्ताहरुलाई जे कुरा गर्न पनि छुट हुने हो भन्दै न्यायप्रेमी स्थानीय काभ्रेवासी जनताहरु क्रुद्ध भएका छन् ।

यसै कुरालाई लिएर काभ्रे जिल्लाबाट हरेक बिहीबार निस्कने चेष्टा साप्ताहिकले गत फागुन १७ को आफ्नो अंकको पहिलो पेजमा नै राज्यले मीना रेग्मीउपर गरेको अन्यायको खुलासा गर्दै विस्तृत समाचार छापेको छ । राज्यले पीडितलाइ न्याय दिनुपर्नेमा उल्टो पीडा दिने कार्य भएको भन्दै पीडित मीना रेग्मीले महिला आयोगसम्म पुगेर आफ्नो ब्यथा बताइसकेको थाहा हुन आएको छ । एमालेको प्रत्यक्ष संलग्नतामा भएको यस्तो कानुन विरोधी कार्यको अन्य दलहरुले ठाडो विरोध गर्ने माहौल सिर्जना भएको परिप्रेक्ष्यमा यस मुद्दाले राष्ट्रकै ध्यान खिच्ने र एमालेले गरेको जनविरोधी कार्यको भण्डाफोर हुने सम्भावना बढेको छ ।

## असमानता...

बेइजिङ विश्व सम्मेलनमा पनि उठाइएको थियो । संयुक्त राष्ट्रसंघले पनि यो दिवसलाई निकै महत्व दिएको छ । राष्ट्र संघको २०१० को अध्ययन प्रतिवेदनले महिलाको जनसंख्या, स्वास्थ्य शिक्षा आर्थिकमा केही सुधार आएको देखाए पनि महिलामाथि हुने हिंसामा कमी नआएको देखाएको छ । नेपालमा १९७४ सालमा सतीप्रथाको अन्त्यसँगै नेपाली महिलाले आफ्नो जीवन अधिकार पाएका थिए । यही साल भोजपुरकी योगमाया न्यौपानेको नेतृत्वमा सतीप्रथाको विरोध गर्दै ६७ महिलाले अरुण नदीमा सामूहिक आत्म विसर्जन गरेका थिए ।

नियात्रा — खोमदत्त बराल

# बेलायतको सेरोफेरो-१६



यस ठाउँबाट बाहिर निस्कियो । सिधै इग्ल्याण्ड का आँखा तिर लागियो । लण्डनको आँखा हेर्न तीन दिन अघि देखि नै टिकट काटिएको थियो । घरमै बसेर इमेलबाट टिकट काटेको कन्फर्म भएको खबर आउने । प्रायः जसो मोवाइलमा नै इमेल पनि हुँदो रहेछ । त्यही इमेल प्रिन्ट गरेर लगेपछि टिकट दिदो रहेछ । लण्डनको आँखा हेर्न लामै लाइन लागेको रहेछ । हामी पनि लाइनमा अदवसाथ बसियो । लाइनमा डोरी जस्तै फताले बारिएको । माकुरे पारेको बाटो ।

बास्तवमा कसैले लाइन मिचला भन्ने डर नभएको । आफ्नो पाइला आफै मिलाएर कवाजमा लागेको पल्टनदार जस्तै बनेर लेफ राइटको चालमा अघि अनुसासित बनेर अघि बढ्नु पर्ने । ज्यान मरो त लाइनमा लागेर अनुसासित बनेको छ। आँखा मेरो वरपर कुदिरहन्छ । दुई लाइन पर एउटा सुन्दर ज्यानमा गएर आँखा अड्कियो । साह्रै सुन्दर आकर्षक ज्यान । विश्व विख्यात कालिगढको रचना । पोख्त मूर्तिकारण अम्मस्त औलाहरुको शीप त्यहाँ पोखिएको जस्तो चित्ताकर्षक दैवी निर्माण ।

उनका सिर्जनाकार मातापिता साथमा नै थिए। तर ती माता पिताका कर्मकाण्डले मात्र यति सुन्दर मनमोहक मूर्ति निर्माण भउको हौयन भन्ने शंका पनि हुन सक्थ्यो । घरी घरी आँखा जुद्थे । आफ्नो छिपिएको ज्यानमा कहि कतै लोभको आस छैन । आकर्षणका भाव भावनामा भर्न मन भारी भइसकेको जीर्ण शरीरमा लोभले नै साथ दिनु पर्छ भन्ने पनि त हुन्न नि । एक घण्टाजतिको पृथ्वी माथि लाभ बल्द भएर लण्डन आइको आँखा भित्र पस्न पाइयो । सुरक्षकर्मीहरुले आँखाको पलक बन्द गरि दिए । भित्र खाट जस्तो एउटा मात्र बस्ने ठाउँ रहेछ । मनकामना जाने रोपवेमा सबै यात्रुलाई चढ्न छुट्टा छुट्टै कुर्सी व्यवस्था छ । आँटन त्यो खाटमा चढे जति यात्रु आँटन सक्दछन् । करिव वीस पच्चिस जना आँटन सक्ने खाट पनि ठूलै छ । मानिस किन बस्छ र । वास्तवमा लण्डनको आँखा होइन रहेछ ।

लण्डनलाई हेर्न आँखा पो रहेछ । सबै जना किनारा तिर गए । त्यही बाटो आखाले लण्डनका चप्पा चपा चाहर्न थाले । वकिमधम दरवार । सेन्ट जेम्स पार्क । थेमस नदी आफ्ना परामा अविरल बगिरहेको छ। नजिकै पार्लियमेन्ट स्क्यवायर छ। वीग वेन घढीले बाह्र बजाउँदै छ। ट्राफल्गार स्क्वायर अलि छेलिएको रहेछ। हिथ्रो हवाइ मैदान निकै टाडा छ। यहाँबाट अनुमान गर्न सकिएन । करिव ३५ वटा जति आँखा भउको योलण्डनको आँखाको यात्रा पार गर्न ठ्यापै ४० मिनेट लाग्यो। तल आइयो। यात्रामा नै त्यस लण्डनको आँखा जडित कतमिरे पाराको संयन्त्रले फोटो खिच्दो रहेछ। त्यो फोटो लिइयो। हाल सम्म नेपाली टोपी लगाएर खिच्ने प्रथम व्यक्तिको रुपमा खिचेको होला। यहाँ कालो यसमा लगाएर हेरिने सिनेमाको पनि व्यवस्था मिलाएको रहेछ। हेर्न गइयो। कालो चसमा फ्रयो भित्र पसियो । पानी पर्न थाल्यो । केही पानी ज्यानमा पऱ्यो । वाज नाकैको छुउ सम्म उडेर अयो । अजिंगार मगर माछाले खुट्टैमा पके जस्तो भयो । करिव आठ मिनेटको यस प्रकारको उत्पट्याङ्ग सिनेमा पनि हेरियो ।

यस पछिको यात्रा थेम्स नदी पारिपट्टि वीगवेन, पार्लियामेन्ट स्क्यायरतिर भयो । पार्लियमेन्छ स्क्वायरमा पाल टाँगेर हड्ताल कारी बसेका रहेछन् । कसैको पिपल रिपब्लिक रहेछ । कसैले आन्दोलन बन्द गर । अमेरिकालीहरुलाई अफगानिस्थानबाट सेना हटाउन माग राखिएको रहेछ । कित्ता कित्तामा मागका व्यानर र प्ले कार्डहरु उठाइएका पाइदो रहेछ। तर यी आन्दोलनकारीहरुलाई फुटपाथमा मात्र बस्ने व्यवस्था कही कतै नारा जुलुस थिएन । आन्दोलनकारीहरु थाके जस्तो । मानिसहर पनि धेरै थिएनन् । दुई जना चार जनाले प्ले कार्ड उठाएको । तर बसी बसी । कही कतै वाधा विरोधका आवाज थिएनन् ।

फुटपाथको पर्खाल भित्र राम्रो घाँसे चौर हरियो भएर स्वतन्त्र विकासमा रमेका रहेछ। दक्षिण पश्चिम पट्टिको कर्नरमा नेल्सन मण्डेलाको कालो मूर्ति । घाम पानी सहेर अकोरात्र खडा छ। ती मानिस मेरा पनि आदरणीय हुन ? उनको छेउमा सेर एउटा फोटो खिचियो। उनको इतिहास यहाँ प्रस्तुतीको आवश्इक छैन । आदरणीय व्यक्ति आदरणीय नै हुन्छ ।

यहाँबाट अघि बढ्दा निकै मोटो /लौरो टेकेर अलि अघि ढल्केको । अलि अलि सामन्त संस्कारको बढप्पन देखिने साम्राज्यवादी घमण्डको गन्ध आउने तर गार्वलो ज्यान । आफूलाई पनि यी साम्राज्यवादीहरुको शासकीय शोषणले सारा दुनियाँको तवाह बनाएका छन् । यी संग सिधै नेपालको राजनीतिक सम्बन्ध छ । विशिष्ट प्रतिनिधिले आफ्नो भेषभुसामा सगौरव भेट गरेको थियो । यो दुनिया लुटाहालाई सम्मानका शब्द मसंग छैनन । यी प्राणी देख्नासाथ नेपालको सम्मान साथ खडा भएको सगरमाथा मनमा आउँछ । दुनियाका शासकहरुको मुटु थर्काउने र गौरव गाथाका सर्जक बहादुर नेपालीहरु वरिपरि साथमा साथ दिएको अनुभुति हुन्छ । यो पार्लियमेन्ट स्क्वायरले आफूलाई एउटा स्वाभिमानी र देश भक्त नेपाली नागरिकको रुपमा उपस्थित हुन आवश्यक सम्झाएको छ ।

पार्लियामेन्ट स्क्वायरमा अभिउको चर्चिलको सालिगले यस तर्फ तान्नु निश्चय पनि मलाई उचित लागेको छ।



यी साम्राज्यवादीहरको सबै प्रकारका हरकनले नेपाल जस्तो सानो र गरीब देशको नागरिकमा प्रशस्त घृणा र दुःख रि दिएको छ। दाश्रो विश्व युद्धका प्रायोजकहरुले लाखौ करोडौ धन ज्यानको हताहत गरेर घातक काम गरेको कारणले पनि यी भुद्ध सर्दारहरुलाई कही कुनै मनका किनारामा श्रद्धा र सम्मान छैन । अफ नेपाली नागरिकलाई सेनामा भर्ति गरेर युद्धमा होमेको पिडा छ । पार्लियामेन्ट स्क्वायर नजिक रहेको पार्लियामेन्ट हल बाहिरबाट हेरियो । डाउनिङ्ग स्ट्रीट प्रधानमन्त्रीको वासस्थान पनि नजिकै रहेछ । बाहिरैबाट हेरियो । मिलिजुली सरकार राम्रै चलेको छ। तर हामीलाई यसको केही चासो छैन। बेलायत आएको समयमा बकहिरैबाट घर सम्म हेरेर जाने विचारले यहाँ सम्म खिचेर ल्यायो। तर भित्र जान दिइदो रहेन छ । दिएको भएपनि कै नै जितिन्थ्यो र । ठिकै भयो अलिकति समय हुँदै बाहिर मेडम तुसाँद स्क्वायर जाने कुरा छ । अण्डर ग्राउण्ड ट्रेनको बाटो मेडम तुसाँद गइयो ।

लामै समय लाइनमा लागे पछि टिकटको लाइन पो रहेछ । अर्का पट्टिको लाइन पो रहेछ । भित्र पसियो। लिफ्टको बाटो माथि गइयो। माथि गएपछि अनुभवको कुरा छोरीसंग अन्तरवार्ताको लिएको थियो । केही सोधेको थियो । आफ्नो राय व्यक्ति गरिने । भित्र पसियो । त्यहाँ धेरै मैन मूर्ति बनाइएका रहेछन् । धेरै कलाकार प्रशस्त राजनेताहरु बेलायती नेता देखि अमेरिकी लगायत संसारका राजनेताहरु । वैज्ञानिकहरुको पनि धेरै धेरैको मैन मूर्ति बनाइएको रहेछन् । अभिताम बच्चन, ऐश्वर्या राय, साहरुख, सलमान खान आदिको मैन मूर्तिहरुको साथजमा फोटो खिचाउन मानिसहरु मरिहत्ते गर्दा रहेछन् । फोटो खिचाउँन घण्टौ सम्म लाइनमा लागेर पालो पखदा आफूलाइ पनि अचम्म लाग्यो । केटाकेटीहरुको ढिपीले मैले पनि अमितामका मूर्तिमा आफ्नो फूति मिलाउन मौका मिल्यो । अघि बढ्दै जाँदा फेरि पनि आइन्स्टाइन संगसंगोल फोटो खिच्न बच्चहरुको रहर पुर गरे । पछि केनेडीसंग पनि नजिकै बसेर फोटो खिचियो । म आफ्नै खेल मैदान जितपुरको फुटवल खेलाडी भएकोले ब्राजिलको विश्वविख्यात फुटवल खेलाडी पेलेसंग संगै बसेर फोटो खिचाएर पेलेसंगको आत्मियता बाँड्न मौका पाययो ।

केटाकेटीको रहरले आफ्ना रहरलाई तानेर कहाँ कहाँ पुऱ्यायो । मान्छेको कलाकारिता, मैनको मान्छे बनाएर मान्को मन जिताउन सिकाएका छन् । मानिसलाई मन्द विष मिलाउर दुनियाको ऐश्वर्य लुटन पल्केका यी साम्राज्यवादीहरु हिजो भौगोलिक क्षेत्र कब्जा गर्थे । आज यस कालखण्डमा यी दुनिँयाका श्रोत र साधन लुटेर यस्तो मार्न मानिसको मन मगज र मास्तिष्कलाई कब्जामा पार्ने गर्दछन् । भौगोलिक क्षेत्रमा जडीबुटी र खाद्य बस्तु समेतलाई ट्रेड मार्कका नाममा हाम्रा नेपालको धासपात, लप्सीको अचार तामा गुन्द्रुक सम्मको ट्रेड मार्क लागएर अमेरिकी साम्राज्यवादी र बेलायतीहरुले अन्झाय मच्चाएका छन् । अन्याय अत्याचारका प्रकृतिहरु सधै एके प्रकारका हुदैनन् । हालमा फरक प्रवृत्ति विकास भएको छ ।

*क्रमशः*

## सहुलियत...

गर्नुपर्ने पुनर्निर्माण प्राधिकरण विवश बन्दैछ। ऋण लिएर सञ्चालन गर्ने परियोजनामा प्रयोग हुने सामग्री भारतले नै आयात गर्ने शर्त तेर्स्याएको छ । निर्माण कार्य गर्दा भारतीय ठेकेदारले नै ठेक्का पाउनुपर्ने एवं कन्सल्टेन्टको काम पनि भारतीय पक्षले नै गर्न पाउनुपर्ने शर्त अघि सारेको छ। भारतबाट ल्याउने रकम कहाँ कहाँ खर्च गर्ने भन्ने टुंगो लागेपछि पुनर्निर्माण प्राधिकरण, एक्जिम बैंक र सम्बन्धित परियोजनाबीच त्रिपक्षीय सम्झौता हुनेछ ।

भारतले भगवान पशुपतिनाथका साथै अन्य पुरातात्विक सम्पदा पुनर्निर्माणमा विशेष रुचि देखाएको छ । पुरातात्विक सम्पदा पुनर्निर्माण नेपालले गर्न पाउनुपर्ने सम्पदाविदहरुको धारणा पाइन्छ। पशुपति क्षेत्रभित्र भारत किन पस्न खोजिरहेको छ, यो निकै अर्थपूर्ण रहेको छ। प्राधिकरणले भने सहुलियत ऋणबाट पुरातात्विक हरिहर भवन विश्वविद्यालयका भवन र पुरातात्विक सम्पदा पुनर्निर्माण गर्ने तयारी गरेको छ । तर भारतले पशुपतिनाथ क्षेत्र ताकेपछि प्राधिकरणले पशुपति क्षेत्रभित्रको कुनै एक मन्दिरको पुनर्निर्माण भने भारतलाई दिन बाध्य हुँदैछ। सबै शर्त स्वीकार गरेर भए पनि प्राधिकरण सहुलियत ऋण लिनेमा पुगेको बताइन्छ ।

## प्राचीन रोमको...

त्यसका सदस्यहरु पनि पेट्रोसियनहरु नै हुन्थे । यसमा कार्यकाल समाप्त भएका कन्सुल पनि सदस्य हुन्थे । यो सिनेट ज्यादै शक्तिशाली हुन्थ्यो। हरेक कामका लागि 'कन्सुल' ले यसको सल्लाह लिनुपर्थ्यो। अर्थको व्यवस्था गर्नु, युद्ध र शान्तिको निर्णय गर्नु यसको अधिकारभित्र पर्थ्यो । तर यसमा प्लेबियनहरुको कुनै अधिकार थिएन । उनीहरुको अधिकार यी शासकहरुलाई भोट दिनु मात्र थियो। तर भोट पनि रोमका सबै जनताले दिन पाउँदैनथे। किनभने गणतन्त्रको स्थापना कालसम्म रोम राज्यले ठूलो भूभाग ओगटिसकेको थियो। तर मतदान केन्द्र खाली रोमम मात्र राखिन्थ्यो । रोमका जनता रोमबाहिर गएर भोट दिन सक्दैनथे। यी मतदाताहरु पनि अधिकांश गरिब थिए । गरिबीबाट फाइदा उठाएर जमिनदारहरु कुलीनहरु उनीहरुलाई पैसा दिएर भोटको किनबेच गर्थे। सरकारी पदहरुमा पनि जनताको कुनै पहुँच थिएन ।

रोमको गणतन्त्रमा यी दुई वर्गबाहेक अर्को वर्ग पनि थियो- दास वर्ग । उनीहरुलाई भोट दिने अधिकार थिएन । उनीहरुलाई नागरिक नै मानिदैनथ्यो । यिनीहरु गाई भैंसी जस्ता मालिकहरुको सम्पत्ति मानिन्थे । मालिकहरु आफ्नो इच्छाअनुसार यिनीहरुलाई सजाय दिन्थे र यिनीहरुको किनबेच पनि गर्थे । यसरी कुलीन तथा जमिनदारहरु सामान्य जनतामाथि अधिकार जमाउँथे भने सामान्य जनता तथा कुलिनहरु दासहरुमाथि अधिकार जमाउँथे । यसको विरुद्ध इ.पु. पाँचौं शताब्दीमा रोममा ठूलो वर्गसंघर्ष चर्कियो । यो संघर्ष सयौं वर्षसम्म रह्यो । यस विद्रोहको प्रमुख माग जमिनमाथि अधिकार प्राप्त गर्नु र राजनीतिक अधिकार प्राप्त गर्नु थियो।

यो विद्रोहको एउटा रोचक पक्ष के थियो भने सबै सामान्य जनताहरु रोम छोडेर बाहिर गएर त्यहाँ छुट्टै बस्ती बसालेर बस्न थाले। सामान्य जनताको यस्तो व्यवहारबाट पेट्रोसियनहरुलाई ठूलो आपद पाऱ्यो। सामान्य जनता नहुँदा अर्थतन्त्र नै डावाडोल हुने भयो । खेतीपाती गर्ने, सामानहरु उत्पादन गर्ने र व्यापार गर्ने उनीहरु नै थिए । यसले गर्दा शासकहरुले उनीहरुको माग पूरा गर्न बाध्य भए । उनीहरुको माग पूरा गरेर उनीहरुलाई रोम भित्र्याइयो । उनीहरुसँग सम्झौता गरेर प्लेबियनहरुको प्रतिनिधित्व रहेको एउटा ट्रिब्युनको स्थापना गरियो । यसमा दुई जना प्रतिनिधि रहन्थे र निर्वाचन प्लेबियनहरुले नै गर्थे। यसको पदावधि पनि एक वर्षको हुन्थ्यो । यो शक्तिशाली अंग थियो । यसले प्लेबियनहरुको रक्षा गर्ने कानुनहरु बनाउन सक्थ्यो । सिनेट तथा कन्सुलले प्लेबियनहरुको सम्बन्धमा गर्ने कुनै निर्णयलाई रोक्ने अधिकार पनि योसँग थियो । केही गरी सिनेट र कन्सुलले प्लेबियनहरुको अधिकारमाथि हस्तक्षेप गरे उनीहरु देश छोडेर जाने धम्की दिन्थे। यसबीचमा पनि प्लेबियन र पेट्रोसियनबीच सशस्त्र संघर्ष नै चलिरह्यो । जित प्लेबियनहरुकै भयो ।

यस विद्रोहबाट प्लेबियनहरुले विस्तारै अधिकार प्राप्त गर्न थाले । सेना कमजोर हुने, ढुकुटी खाली हुने फेरि विद्रोह हुने डरले शासकहरुले उनीहरुको माग पूरा गर्न थाले । पेट्रोसियनहरुले जस्तै सिनेट र कन्सुललमा उठ्न पाउने गरी अधिकार प्राप्त गरे। प्रशासनको उच्च पदमा नियुक्त हुने, कर नतिर्दा दास हुनुनपर्ने तथा समुदायको खेतबाट भाग प्राप्त हुने अधिकार पनि पाउन थाले । तर सिनेटमा रहने र कन्सुलले पारिश्रमिक नपाउने भएकाले प्लेबियनहरुपछि परे। कुलिन पेट्रोसियनहरु नै निर्वाचित भइरहे। रोमको गणतन्त्र केही जमिनदार र कुलिनहरुको मुठ्ठीमा रहन गयो। प्राचीन रोमको यस्तो अभिजातीय गणतन्त्र जस्तै नेपालको गणतन्त्र नहोस् । अहिलेको हाम्रो गणतन्त्रमा पनि चुनाव जित्ने जमिनदार र कुलिनहरु नै छन् । सामान्य जनताको हालत प्लेबियनहरुकै जस्तो छ । नेपालको गणतन्त्र पनि सीमित अभिजात वर्गको मुठ्ठीमा परेको छ । सामान्य जनताको अवस्था भजगोविन्दम् नै छ ।